## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** रिट नं. ०६७-WS-००२७, परमादेश समेत, *चन्द्रप्रकाश (सी.पी) मैनाली वि.सभामुख सुभाषचन्द्र नेम्वाङ्ग समेत*

अन्तरिम संविधानको धारा ६७(घ) मा कानूनमा व्यवस्था भएबमोजिम दल त्याग गरेको देखिएको अवस्थामा संविधानसभाको सदस्यता रिक्त हुने व्यवस्था रहेको र दल त्याग गरेको मानिने वा नमानिने अवस्थाहरू निर्धारण गर्ने विधायिकी अधिकारलाई उक्त संवैधानिक व्यवस्थाले सीमित गरेको कुनै अवस्था नदेखिएको हुँदा दल त्याग ऐन, २०५४ ले सो सम्बन्धमा आवश्यक व्यवस्था गर्न नसक्ने भन्ने देखिन्न । तसर्थ निवेदकको दावीअनुसार अन्तरिम संविधानको धारा ६७(घ) ले तोक्दै नतोकेको शर्त वा सीमाको परिकल्पना गरेका कारण दल त्याग ऐन, २०५४ को दफा ५(१)(घ) को व्यवस्था अन्तरिम संविधानको धारा ६७(घ) सँग बाझिएको छ भन्न नमिल्ने ।

विपक्षी सभासदहरूले गठन गरेको नयाँ दलले निर्वाचन आयोगबाट मान्यता समेत पाएको निर्वाचन आयोगको मिति २०६८।१।१३ च.नं. ३४७ को पत्रबाट देखिन्छ । त्यसरी नयाँ दल गठन भएपश्चात् सो नयाँ दलसँग सम्बद्ध रहेका व्यक्तिहरूलाई निवेदक संविधानसभा दलको नेता रहेको राजनीतिक दल नेकपा (माले) ले निष्काशन गर्नुको कुनै औचित्य नै नरहने हुँदा निवेदकको मागबमोजिम दल त्याग ऐन, २०५४ को दफा ५(१)(घ) को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६७(घ) समेतसँग बाझिएको भन्न र सो आधारमा विपक्षी सभासदहरूको संविधासभाको सदस्य पद रिक्त भएको घोषणा गर्न समेत नमिल्ने भएकोले मागबमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल पुस ७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** रिट नं. २०६७-WS-००२३, उत्प्रेषण, *लक्ष्मण के.सी. समेत वि. व्यवस्थापिका संसद सचिवालय समेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५३ मा सरकारी सेवाको गठन सञ्चालन र सेवाका शर्तहरू ऐनद्वारा निर्धारण गरेबमोजिम हुने व्यवस्था गरिएको र सोही अधिकारको प्रयोग गरी विधायिकाले नेपाल स्वास्थ्य सेवा ऐन निर्माण गरेको देखिन्छ । सरकारी कर्मचारीलाई के कस्तो आधारमा कसरी बढुवा र स्तरवृद्धि गर्ने भन्ने विषय व्यक्तिको ईच्छा, आवश्यकता र चाहनाभन्दा पनि राज्यको सुविधाको विषय हो । यस्तो व्यवस्था गर्दा राज्यले समानहरूका बीच असमान व्यवहार गर्नु नहुने भन्ने समानताको सिद्धान्त भने राज्यले पालना गर्नुपर्ने हुन्छ । तर स्पष्ट आधार र योग्यतालाई परिभाषा गरी लोकसेवा आयोगको प्रक्रियाबाट नियुक्ति भएको र स्तरवृद्धिबाट नियुक्ति भएको कर्मचारीलाई स्तरवृद्धिका सम्बन्धमा गरिएको व्यवस्थाबाट समानताको हक तथा पेशा रोजगार गर्ने स्वतन्त्रता अपहरण भयो भन्ने निवेदकहरूको भनाई कानून र संविधानसम्मत् नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल मंसिर २९ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** रिट नं. २०६७-WS-००५८, उत्प्रेषण, *ध्रुवप्रसाद चौलागाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधनले भूमिमा रहेको मोही र जग्गाधनीको दोहोरो स्वामित्व अन्त्य गरी मोहीलाई समेत जग्गामा पचास प्रतिशत स्वामित्व हुने र यस्तो स्वामित्व जग्गाधनीबाट जग्गा बाँडफाँड गरी लिन पाउने गरी भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ ले व्यवस्था गरेको देखिन्छ । उल्लिखित कानूनी व्यवस्थाबमोजिम जग्गा बाँडफाँडबाट आधा जग्गामा स्वामित्व प्राप्त गरेपछि मोहीले मोहीको हैसियतबाट नभई जग्गाधनीकै

हैसियतले आफ्नो जग्गा बेचबिखनलगायत निर्वाध रूपमा भोगचलन गर्न सक्ने नै देखिएकोले मोहीको हैसियतले नै बेच्न पाउनु पर्छ भन्ने निवेदकको भनाई औचित्यपूर्ण नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
कम्प्युटरः विकेश गुरागाई
संवत् २०६८ साल मंसिर २९ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** रिट नं. ०६७-WO-०८५४, उत्प्रेषण समेत, *नारायणबहादुर क्षेत्री वि. गृह मन्त्रालय समेत*

रिट निवेदकले आरोपित जवर्जस्ती चोरीको कसूरमा सफाइ पाउने गरी यस अदालतबाट अन्तिम फैसला भइरहेको परिप्रेक्ष्यमा सोही अभियोगमा निजउपर गरिएको विभागीय कारवाही र सजायको वैधता कायम रहन नसक्ने हुँदा निजलाई निलम्बन गरेको मिति २०६०।४।८ को निर्णय, नोकरीबाट बर्खास्त गरेको जिल्ला प्रहरी कार्यालय, काठमाडौंको मिति २०६१।८।१० को निर्णय तथा सो निर्णय सदर गरेको उपत्यका प्रहरी कार्यालयको मिति २०६३।७।१ को निर्णय समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

प्रहरी नियमावली २०४९ को नियम ८९(६) मा कुनै फौजदारी अभियोगमा गिरफ्तार भई निलम्बित प्रहरी कर्मचारीउपरको अभियोग प्रमाणित नभई निजले सफाइ पाएमा निलम्बन भएदेखिको पूरै तलव (तलव वृद्धि हुने भएमा सो समेत) पाउनेछ भन्ने प्रावधान रहेको देखिँदा अब रिट निवेदकलाई सोही नियमावलीको नियम ९६ बमोजिम प्रहरी जवान पदमा पूर्ववत् पुनर्बहाली गरी निलम्बन भएको मिति २०६०।४।८ देखिको पूरै तलव भत्ता र तलव वृद्धि पाउने भए तलव वृद्धि समेत भुक्तानी दिनू दिलाउनू भनी विपक्षीहरूका नाममा परमादेश समेत जारी हुने ।
इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल माघ २ गते रोज २ शुभम् ।

२

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** पुनरावलोकन निस्सा प्रदान नं. ०६५-ND-०००१, जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ, *दिनानाथ लम्साल समेत वि. केशव सिँह पेला*

वादीले ट्रायल चेकबाट कायम हुनु भन्दा पनि बढी जग्गा भोगचलन गरेको अवस्था देखिई न.नं.४ को ०-०-६ जग्गा समेत साविक कि.नं. ११७ अन्तर्गतकै हो भन्ने निष्कर्षमा पुग्दा वादीको वास्तविक जग्गाभन्दा बढी जग्गा कायम हुने अवस्था देखिन्छ । त्यस्तै वादीको कि.नं. ११७ भन्दा पश्चिमतर्फ रहेको सडकको चौडाई ६ मीटर भएको भन्ने व्यहोरा ५ नं. नापी गोश्वारा कञ्चनपुरको मिति २०६१।१।२४ को पत्रबाट देखिनेमा विवादित न.नं. ४ मध्येबाट ०-०-६ धुर जग्गा वादीको कि.नं. ११७ मा समावेश गर्दा उक्त स्थानमा बाटोको चौडाई कम हुनुका साथै सो खिचोला ठहर गरेको जग्गा बाटोतर्फ घुसी बाटोको स्वाभाविक र समानान्तर बहाव र आकृतिमा नै अस्वाभाविकता आउने हुँदा प्रत्यर्थी वादीको साविक कि.नं. ११७ मा स्रेस्ताबमोजिमको जग्गा नरही जम्मा १-७-५ जग्गा मात्र देखिएको र अदालतबाट भै आएको नक्साबाट न.नं. ३ कि.नं. ११७ मा १-७-११ अर्थात् ट्रायल चेकबाट देखिएको भन्दा बढी नै जग्गा रहेको देखिएको अवस्थामा न.नं. ४ मध्येबाट ०-०-६ धुर जग्गा निवेदक नगरपालिकाले सार्वजनिक बाटोमा पारी खिचोला गरेको ठहऱ्याएको पुनरावेदन अदालत महेन्द्रनगरको फैसला सदर गर्ने गरेको यस अदालत संयुक्त इजलासको मिति २०६३।३।२५ को फैसला मिलेको नदेखिँदा निवेदन जिकीरबमोजिम पुनरावलोकन भई वादी दावी नपुग्ने ।
इजलास अधिकृतः नारायणप्रसाद सुवेदी
इति संवत् २०६८ साल पुस १८ गते रोज २ शुभम् ।

३

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** फौ.पु.नं. ०६४-CR-०७५२, जवर्जस्ती करणी, *नेपाल सरकार वि. सरोज खड्का समेत*

प्रतिवादीहरू स्वयं पनि १६ वर्षभन्दा मुनिका नाबालक भन्ने देखिन आएको र पढ्ने क्रममा पीडितले किताब च्यातिदिएको निहुँमा सामान्य कुटपीट गरेको रिस इवीबाट झूट्टा जाहेरी दिएको हो भनी बयान गरेको अवस्था समेतलाई दृष्टिगत गर्दा विश्वसनीय र

ठोस प्रमाणको अभावमा पीडितको एकमात्र बकपत्रको आधारमा कसूरदार ठहऱ्याउन नमिल्ने ।
इजलास अधिकृतः नारायणप्रसाद सुवेदी
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल पुस १९ गते रोज ३ शुभम् ।

४

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** फौ.पु.नं. ०६४-CR-०७७७, फौ.पु.नं.०६८-CR-०१५७, सरकारी छाप कीर्ते, *रामचन्द्र साह तेली वि. नेपाल सरकार, श्याम वि.क. वि. नेपाल सरकार*

बरामद भएका निरोगिताका प्रमाणपत्र र कसूर ठहर भएका प्रतिवादीहरू सन्तोष ल्वागुण र वैद्यनाथ साहको मौकाको बयानबाट निज श्याम वि.क.ले गरेको साविती बयान समर्थित भएको पाइन्छ । कसूर र सजाय ठहर भएका प्रतिवादीहरू सन्तोष ल्वागुण र वैद्यनाथ साहको निवेदन परेको नदेखिँदा निजहरूले पुनरावेदन अदालतको फैसलालाई स्वीकारी बसेको देखिएबाट फौजदारी मुद्दामा मूल विषय भनेको कसुर कायम हुने वा नहुने भन्ने हो । कसूर कायम हुन्छ भने सजायबाट पूर्णतः उन्मुक्ति पाउँछ भन्न दण्डको सिद्धान्त समेतबाट मिल्ने अवस्था हुँदैन । मुख्य सजाय र थप सजायको व्यवस्था भएको अवस्थामा मुख्य सजायको दावी लिइदैन भने त्यो अभियोजन पक्षको जिम्मेवारीको विषय हो । अपितु मूल सजायको दावी छैन भन्दैमा दावी लिइएको थप सजाय नै हुँदैन भन्ने निष्कर्षमा पुग्न पनि नमिल्ने ।

कीर्ते कागजको १ नं. को कसूर कायम गरेको देखिएपछि अन्य दफाअन्तर्गतको सजायको माग नगरिएकै कारणले मात्र ऐजनको १२ नं. ले कीर्ते गर्नेलाई सजाय हुने थप सजाय पनि नगरी कीर्ते गर्नेलाई कसूर कायम हुने दफा दावी गरेको अवस्थामा सजायको लागि जुन दफाको दावी लिइएको छ सो दफा स्वतः क्रियाशील हुने देखिन्छ । अन्यथा अर्थ गरी कसूर कायम भएको कुरालाई सजायबाट उन्मुक्ति दिन नमिल्ने ।
इजलास अधिकृतः नारायणप्रसाद सुवेदी
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल पुस १९ गते रोज ३ शुभम् ।

५

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६८-CI-००५७, निषेधाज्ञा, *धर्मशीला गोश्वामी समेत वि. विराटनगर उपमहानगरपालिका कार्यालय, मोरङ समेत*

निषेधाज्ञाको निवेदनको रोहबाट मापदण्डविपरीत बनाएको झ्याल र छज्जी भत्काउने गरी उपमहानगरपालिकाद्वारा गरिएको निर्णय तथा सो निर्णय कार्यान्वयन गर्नु भनी पुनरावेदन अदालतबाट जारी भएको परमादेशको आदेश बदर गर्न मिल्ने स्थिति हुँदैन । स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम उपमहानगरपालिकालाई नगरक्षेत्रभित्र मापदण्डविपरीत गरिएका निर्माण कार्य भत्काउन आदेश दिनसक्ने अधिकार हुने नै देखिन्छ । त्यस्तै गैरकानूनी रूपमा त्यस्तो आदेश दिएको अवस्था भए प्रचलित कानूनबमोजिम मार्ग अवलम्बन गरी निर्णय बदर गराउनेतर्फ लाग्नुपर्ने हुन्छ । निषेधाज्ञाको रोहबाट कानूनबमोजिम भएको निर्णय अनन्तकालसम्म रोकी राख्न मिल्ने स्थिति नहुने ।
इजलास अधिकृतः नारायणप्रसाद सुवेदी
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल पुस २१ गते रोज ५ शुभम् ।

६

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६७-CI-०४६५, निषेधाज्ञा, *भाननारायण श्रेष्ठ वि. जिल्ला प्रशासन कार्यालय, धादिङ समेत*

पुनरावेदकले प्रत्यर्थी विमला श्रेष्ठलाई श्रीमतीको रूपमा स्वीकारी विवाह दर्ता गर्ने र नागरिकता बनाउन सनाखत गर्ने तथा सोपश्चात् निज विमला भाननारायणको घरमा गई बस्ने सहमति गरी मिति २०६६।१०।२२ मा जिल्ला प्रशासन कार्यालय धादिङसमक्ष कागज गरेको कुरालाई पुनरावेदकले यस अदालतसमक्षको पुनरावेदन पत्रमा नै स्वीकार गरेको देखिँदा जिल्ला प्रशासन कार्यालयलाई त्यस प्रकारको कागज गराउने अधिकारक्षेत्र नभएकोले अ.बं. ३५ नं. बमोजिम बदरभागी रहेको त्यस्तो कागजका आधारमा पक्राउ गर्ने आशंका रहेको जिकीर लिएको पाइए तापनि निषेधाज्ञाको रोहबाट सम्पन्न भैसकेको कागज बदर गर्न नमिल्ने ।
इजलास अधिकृतः नारायणप्रसाद सुवेदी
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल पुस २१ गते रोज ५ शुभम् ।

७

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६७-CI-०६३७, निषेधाज्ञा, *श्रीभगवान राउत कुर्मी वि. ने.रा.मा.वि. पिप्रा विर्ता गा.वि.स. वडा नं. ३ समेत*

प्रकाशन भैसकेको मतदाता नामावली कानूसम्मत् हो होइन भनी निषेधाज्ञाको निवेदनको रोहबाट बोली बदर गर्न मिल्ने अवस्था हुँदैन । त्यसैले मतदाता नामावलीमा नाम समावेश भएका प्रत्यर्थी वीरेन्द्र राउत अहिर समेतका व्यक्तिहरू व्यवस्थापन समितिको अध्यक्षको पदमा उम्मेद्वार हुन र मतदान गर्न पाउने नै देखिएको र त्यसबाट निवेदकको नागरिक अधिकारमा आघात पुग्न जाने आशंकाको विद्यमानता समेत देखिन नआउने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल पुस २१ गते रोज ५ शुभम् ।

८

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. २०६६-CI-०६४८, घर उठाई चलन, *सूर्यनारायण देव वि. श्याम भुजेल*

मिति २०६१।४।२३ मा भै आएको नापनक्सा र मुचुल्का हेर्दा विवादित घरहरू ४०/५० वर्ष अघिदेखि नै बनेको भन्ने व्यहोरा उल्लेख भएको देखिन आउँछ । त्यस्तै वादी बद्रीनारायण लाल देव र प्रतिवादी लक्ष्मणबहादुर भुजेल समेत भएको प्रमाणमा आएको सा.दे.नं. ३६९९ समेतको जग्गा खिचोला घर उठाई चलन मुद्दामा प्रत्यर्थीकी आमा राधादेवी भुजेलको अ.बं. १३९ नं. बमोजिम गरेको बयानमा समेत उक्त घर अघि नै बनेको भन्ने उल्लेख गर्नुको साथै मिति २०४५।१२।२५ समेतमा भै आएको नक्सा कुण्डलीबाट समेत प्रस्तुत मुद्दामा विवादित भनिएको घरको अवस्थिति देखिन आएको छ । उक्त मुद्दामा वादी दावी नपुग्ने ठहरी अन्तिम फैसला भैरहेकोबाट विवादित घर वादीले दावी गरेको मिति र समयमा बनेको भन्ने नभई धेरै अगाडिदेखि प्रतिवादीले घर बसोबास गर्दै आएको भन्ने देखिन आएको हुँदा मुलुकी ऐन घर बनाउनेको ११ नं. मा निर्दिष्ट हदम्याद नघाई पर्न आएको फिराद खारेज हुने ।

- यसै लगाउको दे.पु.नं. २०६६-CI-०६४७, जग्गा खिचोला चलन, घर उठाई चलन, *सूर्यनारायण देव वि. श्याम भुजेल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

इति संवत् २०६८ साल पुस २१ गते रोज ५ शुभम् ।

९

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६७-CI-०९२६, निषेधाज्ञा, *मेघनाथ काफ्ले वि. रामप्रसाद श्रेष्ठ*

पहिले नै जग्गा दर्ता नहुने निर्णय भई जग्गाको सार्वजनिक स्वरूप स्वीकार भइसकेको भए तदनुरूप हुने नै छ । यस स्थितिमा निर्णय हुन नपाउँदै निवेदकको भोग बसोबासमा अतिक्रमण गर्न नमिल्ने हुँदा मालपोत कार्यालयमा विचाराधीन छूट दर्तासम्बन्धी कारवाहीको टुङ्गो नलागेसम्मको तत्कालीन अवस्थाका लागि निषेधाज्ञा र परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

इति संवत् २०६८ साल पुस २१ गते रोज ५ शुभम् ।

१०

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६७-CI-०९६५, निषेधाज्ञा, *मन्दिरा श्रेष्ठ समेत वि. विनोद कँडेल*

साँध सीमानामा रहेको पीलर यथास्थितिमा राख्नु भनी भएको आदेशबाट जग्गाको हक स्वामित्वका सम्बन्धमा उठ्ने विवादको लागि प्रमाण सिर्जना भएको मान्न मिल्ने अवस्था देखिँदैन । हकभोग र स्वामित्वका सम्बन्धमा सोही जग्गाको विषयलाई लिएर परेको भनिएको खिचोला मुद्दाबाट ठहरेबमोजिम हुने र परिरहेको रिट निवेदनबाट समेत कानूनबमोजिम हुने नै हुनाले निषेधाज्ञा जारी भएको कारणले मात्र हकको प्रश्नमा तात्विक असर नपर्ने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल पुस २१ गते रोज ५ शुभम् ।

११

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६७-CI-१२४९, परमादेश, *पार्वती यादव वि. जिल्ला प्रशासन कार्यालय, सुनसरी समेत*

व्यक्ति-व्यक्तिबीचको विवादमा कसैको घर सम्पत्तिको क्षति भएको विषयमा निवेदन लिने र कारवाही गर्ने कानूनी अधिकार जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीलाई भएको देखिँदैन । कानूनले त्यस प्रकारको कुनै कर्तव्य नै नतोकेको कुनै पनि अधिकारीका नाममा परमादेश जारी हुन नसक्ने हुँदा निवेदन खारेज हुने ।

प्रतिवादीहरूउपर मिति २०६६।८।१५ मा सार्वजनिक मुद्दा दर्ता गरी कारवाही भइरहेको भन्ने प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयको लिखित जवाफमा उल्लेख भैरहेको देखिँदा शान्ति सुरक्षा गरिपाऊँ भन्ने विषयमा कारवाही चलिरहेको देखिँदा भत्काएको भनिएको घर बनाउने र क्षतिपूर्ति समेत भराई दिने कुनै कानूनी कर्तव्य नै नभएको विपक्षी जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयका नाममा परमादेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल पुस २१ गते रोज ५ शुभम् ।

१२

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६७-CI-१४६८, निषेधाज्ञा, *छेदनीदेवी यादव साहू वि. विराटनगर उपमहानगरपालिका कार्यालय, मोरङ्ग समेत*

निवेदिकाको कि.नं. २२४ को जग्गामा नभई आफ्नै कि.नं. १५ को जग्गामा शौचालय निर्माण गर्न लागेको हो भन्ने प्रत्यर्थीमध्येको तारादेवी पासवानको लिखित जवाफमा उल्लेख भएको देखिन्छ । विपक्षी विराटनगर उपमहानगरपालिकाको लिखित जवाफ हेर्दा नगरवासीहरूलाई निजहरूले हकभोगको जग्गामा शुलभ तवरले शौचालय निर्माण गर्न सहयोग पुऱ्याउने उद्देश्य उपमहानगरपालिकाले शौचालय निर्माणमा सहायता दिने अभियान सञ्चालन गरेको हो । कसैको जग्गा अतिक्रमण गरी चर्पी बनाई दिने यस कार्यालयको लक्ष्य होइन भन्ने समेत उल्लेख भएको देखिन्छ । यसबाट निवेदिकाको जग्गामा शौचालय निर्माण गर्ने विपक्षीहरूको कुनै उद्देश्य रहेको भन्ने देखिन आउँदैन । त्यसमा पनि विपक्षी उपमहानगरपालिकाको उक्त सहायता कार्यक्रम हाल स्थगित भैसकेको भन्ने पुनरावेदन अदालतको आदेशमा उल्लेख भैरहेको देखिँदा तत्कालीन शौचालय निर्माण हुने आशंकाको स्थिति विद्यमान रहेको नदेखिँदा मागबमोजिम आदेश जारी नहुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल पुस २१ गते रोज ५ शुभम् ।

१३

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती** फौ.पु.नं. ०६५-CR-०१६७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मनकुमारी नेपाली समेत*

कर्तव्य ज्यान जस्तो गम्भीर प्रकृतिको फौजदारी अभियोगमा वैज्ञानिक परीक्षणले स्थापित गरेको तथ्यभन्दा बाहिर गएर मौखिक कथनका भरमा कसैलाई दोषी किटान गर्न नमिल्ने ।

कसैले कसैलाई हत्या गरेको भनिएको अवस्थामा हत्या भएको भनिएका व्यक्तिको शव नै सबैभन्दा ठूलो प्रमाणका रुपमा रहन्छ । शव फेला परेको अवस्थामा मृत्यु अघि (Postmortem) र मृत्यु पछि (Antemortem) का घाउ चोटहरू र अवस्था समेतको परीक्षण गर्न सकिने र त्यसले मृतकको मृत्युको कारणका बारेमा यथार्थ जानकारी प्राप्त हुने अवस्था रहन्छ । शव फेला पर्न नसकेको अवस्थामा हत्याको अभियोग लागेका व्यक्तिले के कसरी र कहिले हत्या गरेको हो भन्ने तथ्य अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि गर्ने दायित्व वादी पक्षले वहन गर्नुपर्ने ।

कुनै व्यक्ति विशेषको अप्रमाणित कथनलाई नै सर्वोत्तम प्रमाण मानेर अनुसन्धान कार्यलाई त्यत्तिमै सीमित राख्ने हो भने सत्य कहिल्यै उद्घाटित नहुने अवस्थाको सिर्जना हुन जाने ।

सुनी थाहा पाएको भन्ने जस्ता अत्यन्त कमजोर प्रमाणलाई आधार बनाएर अन्य प्रमाणको खोजी नगर्ने हो भने अनुसन्धानको कुनै अर्थ रहँदैन र त्यसले अपराध र अपराधीका बारेमा सत्य तथ्यको खुलासा गर्न पनि नसकिने ।

कसैलाई दोषी ठहऱ्याउन बयानलगायतका मौखिक प्रमाणबाहेकका अन्य स्वतन्त्र प्रमाणहरूको संृखला जोडिनु पर्दछ र प्रमाणहरूको मालाकार कडीबाट त्यस्तो वयान व्यहोरा समर्थित नहुँदासम्म साविती

वयानले कुनै प्रामाणिक महत्व राख्दैन भन्ने कुरालाई अनुसन्धान र अभियोजन पक्षले बुझ्नु जरुरी हुने ।

कुनै व्यक्ति हराएकै आधारमा निजको हत्या भएको निष्कर्ष निकाल्दा भोलि त्यो व्यक्ति जीवितै समाजमा फर्केर आयो भने समस्त न्याय नै कलंकित हुन पुग्दछ । नौ जना अपराधी छुटे पनि एकजना निरपराधी पनि सजायको भागी नहोस् तथा शंकाको लाभ अभियुक्तले पाउँछ भन्ने मान्यताको अनुयायी कानूनी प्रणालीमा शवको प्रत्यक्षीकरण बिना कर्तव्य ज्यानको अभियोगमा कसैलाई सजाय गर्दा अत्यन्त सतर्कता अपनाउन पर्ने ।

पानीमा बगाइएको र आगोले डढाइएको जस्ता विषम परिस्थितिमा लास फेला नपर्न पनि सक्दछन् । लासको अवशेष समेत लोप गराउने अभियुक्तको भगीरथ प्रयत्न पनि हुन सक्दछ । तर यस्ता क्रियाकलाप भएको वादीले पुष्टि गर्न सक्नुपर्ने ।

सावितीमा अभिव्यक्त तथ्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन त आवश्यक छ नै, ती स्वाभाविक र मानव आचरण अनुकूल पनि देखिनु पर्ने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६८ साल पुस ५ गते रोज ३ शुभम् ।

१४

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** रि.नं. २०६७-WO-०३६९, उत्प्रेषणयुक्त परमादेश समेत, *ललितपुर उ.म.न.पा. झम्सीखेल स्थित खिम्ती सर्भिसेज प्रा.लि.को तर्फबाट र आफ्नो हकमा समेत कार्यकारी अध्यक्ष रमेशकुमार श्रेष्ठ वि.ध्रुवप्रसाद फुयाल समेत*

निवेदक खिम्ती सर्भिसेज प्रा.लि. र हिमाल पावर लिमिटेडबीच सम्पन्न मिति २०६४।५।१२ को करारको दफा २.६.१ मा "After completion of the employment contract period, KPSL shall terminate contract of each employee as per the term specified in individual letter of appointment untill and unless HPL provides written request for an extention for further specific period" भन्ने उल्लेख भएको देखिन्छ । यस अवस्थाअनुसार खिम्ती सर्भिसेज प्रा.लि.ले हिमाल पावर कम्पनीलाई कामदार कर्मचारी आपूर्ति गर्दा हिमाल पावर लिमिटेडको मागबमोजिम एवं सो कम्पनीले चाहेको अवधिसम्मको लागि मात्र नियुक्तिपत्र दिई कर्मचारी वा कामदार लिने र सो अवधि समाप्त भएपछि त्यस्ता कर्मचारी वा कामदारहरूको सेवा पनि समाप्त हुने भन्ने स्पष्टरूपमा देखिन आयो । सोही व्यवस्थाअनुरूप नै विपक्षीमध्येका ध्रुवप्रसाद फुँयाल र मेघराज दाहालले करारमा नियुक्ति पाएको देखिन आउँछ । तसर्थ निजहरूको सो नियुक्ति निवेदक कम्पनी र हिमाल पावर लिमिटेडबीच भएको जनशक्ति आपूर्तिसम्बन्धी करारको अधिनस्थ देखिन आयो । यस स्थितिमा निवेदक खिम्ती सर्भिसेज प्रा.लि.सँग हिमाल पावर लिमिटेडले कामदार कर्मचारीको थप माग नगरेको र नियुक्तिपत्रको शर्तबमोजिम विपक्षीहरूको करार अवधि व्यतीत भइसकेको अवस्था हुँदा विपक्षीहरूलाई निवेदक कम्पनी आफैंले सेवा करारको अवधि थप गरी निजहरूको सेवालाई निरन्तरता दिनुपर्ने भनी मान्न नसकिने ।

करारबाटै निवेदक कम्पनी कामदार तथा कर्मचारी आपूर्ति गर्ने र हिमाल पावर लिमिटेड कामदार माग गर्ने भन्ने देखिएको र सो करार नवीकरण समेत भएको भन्ने देखिँदा कानूनअनुरूप दर्ता भई खडा भएका कम्पनीहरूबीच भएको सो करारलाई बनावटी (Bogus) मान्न सकिँदैन । साथै उक्त दुबै कम्पनीका सञ्चालक समेतका तथ्यगत विषयका सम्बन्धमा प्रस्तुत रिट निवेदनको रोहबाट छानबीन गर्नुपर्ने औचित्य एवं आवश्यकता समेत नदेखिँदा कानूनतः खडा भएका कम्पनीहरूबीच भएको करारलाई बनावटी भन्ने जिकीर युक्तिसंगत नदेखिने ।

निवेदक खिम्ती सर्भिसेज प्रा.लि. ले विपक्षीमध्येका ध्रुवप्रसाद फुँयाल र मेघराज दाहाललाई निश्चित् अवधिको करारअन्तर्गत नियुक्ति गरेको, त्यसरी निर्धारित अवधि समाप्त भएपछि पुनः एकपटक म्याद थप समेत गरेकोमा थप गरिएको सो अवधि समेत समाप्त भएपछि निज विपक्षीहरू सेवाबाट हटेको अवस्थामा श्रम ऐन, २०४८ को दफा १० समेतका आधारमा स्थायी कर्मचारी वा कामदार सरह निजहरू कम्पनीको सेवामा बहाल रहिरहनुपर्ने कानूनी आधार एवं कारण समेत विद्यमान नदेखिँदा निजहरूलाई निवेदक कम्पनीको सेवामा निरन्तरता दिन नमिल्ने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल मंसिर २० गते रोज ३ शुभम् ।

१५

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** रिट नं. ०६८-WO-०४५७, परमादेश समेत, *डा.राजकुमार पोखरेल समेत वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (३)अनुसार स्वास्थ्य सेवाको एघारौं तहमा बढुवाका लागि सम्भाव्य उम्मेद्वार हुन बढुवा हुने तहभन्दा एक तहमुनिको पदमा कम्तीमा दुई वर्ष दुर्गम क्षेत्रमा काम गरेको हुनुपर्ने स्पष्ट कानूनी व्यवस्था रहेको र निवेदकहरूले उक्त शर्त पूरा गरेको भन्ने देखिन नआई निवेदकहरू एघारौं तहमा बढुवाका लागि सम्भाव्य उम्मेद्वार नै हुनसक्ने अवस्था देखिन नआएकोले मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल माघ ३ गते रोज ३ शुभम् ।

१६

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** दे.पु.नं. ०६६-CI-००५५, सरकारी बाँकी सरह असूल गरिपाऊँ, *उत्तरकुमार श्रेष्ठ वि. भवानीशंकर गोयल*

शुरू मुद्दा हेर्ने अधिकारक्षेत्रका सम्बन्धमा भएको कानूनी व्यवस्थाबाट विद्युत प्राधिकरण वादी वा प्रतिवादी हुने मुद्दाहरू सम्बन्धित पुनरावेदन अदालतमा दायर हुनुपर्ने कुरा प्रष्ट देखिन आएकोले त्यसमा कुनै द्विविधा हुनुपर्ने अवस्था देखिँदैन । नेपाल विद्युत प्राधिकरण ऐन, २०४१, को दफा ३९ मा साविकमा अञ्चल अदालत भन्ने शब्द रहेकोमा मिति २०४८।२।१६ मा जारी भएको न्याय प्रशासन ऐनद्वारा सो शब्दको सट्टा पुनरावेदन अदालत भनी संशोधन भएको अवस्थामा संशोधनबाट कायम भएको सम्बन्धित ऐनको प्रावधानअनुरूप नै गर्नु गराउनु पर्ने ।

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ अन्तर्गतको दावी लिँदा सोही ऐनमा तोकिएको अधिकारक्षेत्र भएको अदालतमा प्रवेश नगरी संशोधन गर्ने न्याय प्रशासन ऐनमा के कस्तो व्यवस्था उल्लेख गरिएको छ भन्ने कुरातर्फ हेरिरहन आवश्यक नै हुँदैन । त्यसमा पनि न्याय प्रशासन ऐन, २०४८ को दफा ३३ मा रहेका खारेजी र संशोधनसम्बन्धी व्यवस्थाको उपदफा (३) मा प्रचलित कानूनमा प्रयोग भइरहेको क्षेत्रीय अदालत वा अञ्चल अदालत भन्ने शब्दहरूको सट्टा पुनरावेदन अदालत भन्ने शब्दहरू राखी संशोधन गरिएको छ भन्ने प्रष्ट रूपमा उल्लेख भएको देखिन्छ । ऐनले मूल दफामा उल्लेख भएको व्यवस्थाविपरीत सोही दफासँग सम्बन्धित अनुसूचीको क्रमसंख्या १० मा प्राविधिक त्रुटिवस अञ्चल अदालतको सट्टा जिल्ला अदालत भन्ने शब्दसम्म परेको देखिए तापनि यस्तो अवस्थामा मूल दफामा उल्लेख भएको कुराले नै मान्यता पाउने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल पुस २० गते रोज ४ शुभम् ।

१७

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** दे.पु.नं. ०६७-CI-०२५६, ७८१ स्ववासी दर्ता बदर, *फूलदेव राउत अहिर वि. महन्थप्रसाद यादव समेत, महन्थप्रसाद यादव वि. फूलदेव राउत अहिर*

लिखतमा स्वयं लक्ष्मी राउत अहिर साक्षी बसेको देखिएकोले उक्त व्यवहारलाई पुनरावेदक प्रतिवादीका दाताले समेत स्वीकार गरेको मान्नुपर्ने । २०३३ सालमै कि.नं. ६ को पूरै घरजग्गा पुनरावेदक प्रतिवादीलाई आफैंले हक हस्तान्तरण गरेको भए विदियाले सोही घरजग्गाबाट २०३४ सालमा आधा पुनरावेदक वादीलाई हक हस्तान्तरण गर्दा निजै लक्ष्मी राउत साक्षी बस्नु स्वाभाविक र विश्वसनीय देखिन आउँदैन । त्यस्तै पुनरावेदक प्रतिवादी वादी बनी निजै लक्ष्मी राउतउपर खिचोला मुद्दा गरी मिलापत्र गराएको क्रिया समेत अस्वाभाविक देखिएको छ । विवादित घरजग्गामा आधाआधा हक निहित रहेका वादी र प्रतिवादीका दाताले आफ्नो हक जति मात्र हक हस्तान्तरण गरेको निहित रहेको वादी र प्रतिवादीका दाताले आफ्नो हक जति मात्र हक हस्तान्तरण गरेको कार्य कानूनसम्मत् हुने ।

आफ्ना दाताको हकभन्दा पनि बढी अर्थात् पुनरावेदक प्रतिवादीले पूरै जग्गा स्ववासी दर्ता गराएको

कामकारवाही कानूनसम्मत् हुन नसक्ने हुँदा वादीका दाताबाट वादीले पाएको हक जतिको घरजग्गा स्ववासी दर्ता गराएको निर्णय कायम रहन नसक्ने ।

दर्ता गरिपाऊँ भन्ने फिरादमा माग नै नभएको अवस्थामा वादी दावीभन्दा बाहिर गई अदालतले नै पक्षको स्थान ग्रहण गरी निर्णय बदर भएको आधा घरजग्गा वादीका नाउँमा स्ववासी दर्ता हुने भनी ठहर गर्न मिल्ने हुँदैन । त्यस्तै स्ववासी दर्तातर्फ कारवाही चलाउने छुट्टै कानूनी प्रक्रिया भई र दर्ता गर्ने निकाय समेत कानूनबमोजिम तोकिएको पाइँदा अदालतलाई सीधै स्ववासी दर्ता गर्ने अधिकारक्षेत्र समेत नहुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल पुस २० गते रोज ४ शुभम् ।

१८

**सं.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** फौ.पु.नं. २०६७-CR-०३०१, आयकर, (आ.व.०६२।०६३) *खुमराज पुँजाली वि. शान्तिदेवी अग्रवाल*

कम्पनीको कार्य प्रकृतिअनुसार अस्थायी, ज्यालादारी वा पीसरेट वा ठेक्कामा पनि काम चलाउनु पर्ने अवस्था हुने कुरालाई अन्यथा भन्न मिल्दैन । त्यसमा पनि त्यस्ता कर्मचारीको लागि गरेको खर्चको बिल भर्पाई प्रस्तुत हुनुका साथै भुक्तानीमा कानूनअनुसार अग्रीम कर कट्टी गरेको देखिएको, सो अग्रीम कर कट्टीको दाखिला भएउपर कर प्रशासनको कुनै टिप्पणी नभएको सो अग्रीम कर कट्टीको रकम कर्मचारीको तलबभत्ता बाहेक अन्य कुनै आयबापत करदाताले दाखिल गरेको भन्ने कुरा कर निर्धारण गर्दा कर प्रशासनले निर्दिष्ट गर्न समेत नसकेको हुँदा सो खर्च मिन्हा दिएको फैसला अन्यथा हुने नदेखिने ।

सम्झौतामा सम्झौताअनुसारको कार्यका लागि हुने सम्पूर्ण खर्च निर्यातकर्ता यामाहा मोटर इण्डियाले नै व्यहोर्ने भन्ने प्रष्ट उल्लेख भएको देखिन्छ । सो सम्झौताको क्रममा प्रत्यर्थी मोरङ अटोले कुनै आर्थिक दायित्व बहन गर्नुपर्ने शर्त रहेको पनि नदेखिँदा भारतीय कम्पनीले व्यहोर्ने भनी सम्झौतामा उल्लेख भएको रकम उक्त कम्पनीको अधिकृत बिक्रेता भएको कारणले मात्र प्रत्यर्थी कम्पनीले व्यहोर्ने भन्ने कुरा तथ्यसम्मत् नदेखिएकाले आयकर ऐन, २०५८ को दफा १३ बमोजिम मिन्हा दिन नमिल्ने ।

व्यापारिक प्रवर्द्धन (Sales Promotion) का लागि यामाहा मोटर इण्डिया र नेपाल फुटबल संघबीच भएको सम्झौताअनुसार भएको खर्च रू. १,८०,०००।- मिन्हा दिन नमिल्ने भई प्रत्यर्थी मोरङ अटो वर्क्स प्रा.लि. को खुद आयमा समावेश हुने देखिँदा सो रकम पनि मिन्हा दिएको हदसम्म राजश्व न्यायाधिकरण, विराटनगरको मिति २०६५।११।५ को फैसला केही उल्टी भई उक्त खर्च आयमा समावेश हुने ठहर भएको उपरोक्त व्यापार प्रवर्द्धन खर्च रू. १,८०,०००।- का सम्बन्धमा कानूनबमोजिम असूल गर्नु भनी पुनरावेदक ठूला करदाता कार्यालय, काठमाडौंमा लेखी पठाई दिनू । अरूमा राजश्व न्यायाधिकरण, विराटनगरको इन्साफ सदर हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल पुस २० गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६७ सालको दे.पु.नं. ०६६-CI-११९३, दर्ता बदर, नामसारी, *गौदी थरूनी वि. शंकरप्रसाद दमै*

व्यक्ति-व्यक्तिबीचको कारोवारमा कीर्ते जालसाजको विवाद नउठोस् अड्डाबाट रजिष्ट्रेशन गरेको कागजको प्रामाणिकता होस् भन्नका लागि नै कानूनले रजिष्ट्रेशन गर्नुपर्ने व्यवस्था विकास गरेको हो । पास नगरेको घरसारका लिखत र घरमा तयार भएका वा अड्डामा तयार गरी पास गरिएका लिखतको प्रामाणिक महत्व फरक फरक अवस्थाको हुन्छ । मालपोत कार्यालयबाट लिखत पास गर्दा हाकिमले कारणीसँग सोधपुछ गरी व्यहोरा र परिणाम सम्झाई पास गर्ने भएकाले त्यस्तो लिखतलाई समान्य घरमा खडा गरेको कागज सरह शंका गर्ने स्थिति हुँदैन । रजिष्ट्रेशन गरेको लिखतको मुख्य कारणी नै होइन भनी रजिष्ट्रेशन पास गरेको कागजप्रति सहज रूपमा प्रश्न उठाउन पाउने हो भने रजिष्ट्रेशन गर्नुको कुनै औचित्य नहुने ।

जुन समयको घटना वा क्रिया हो, सोही समयको कानूनको आधारमा उपचार खोज्नु पर्छ। २०२६ सालको दर्ता दा.खा. निर्णयका सम्बन्धमा तत्कालीन ऐनको व्यवस्था नै लागू हुन्छ। तत्कालीन ऐनको व्यवस्थाबाट हदम्याद समाप्त भएपछि नयाँ संशोधन भएको ऐनको आधारमा तत्कालीन काम कारोवारका सम्बन्धमा हदम्याद कायम गर्न नमिल्ने।

अन्यथा प्रमाणित हुन नसकेको अवस्थामा आधिकारिक निकायबाट रीतपूर्वक पास गरेको कागजलाई जालसाजी क्रिया हो भन्न नमिल्ने र वादीको फिराद, जग्गा खरीद बिक्री तथा दा.खा. दर्ता नामसारी भएको मितिको ज.प. को १७ नं. को हदम्याद समाप्त भएपछि संशोधित जग्गा पजनीको १७ नं. को आधारमा परेको देखिँदा तत्काल प्रचलित ज.प. को १७ नं. अनुसार भए गरेको मितिले २ वर्षको हदम्याद नाघी दायर भएको फिरादबाट औचित्यमा प्रवेश गरी विचार गर्न मिलेन, फिराद दावी खारेज हुने।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल भदौ १३ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रि.नं. ०६५-WO-०२६३, उत्प्रेषणयुक्त परमादेश समेत, *मानबहादुर भण्डारी वि. प्रहरी प्रधान कार्यालय समेत*

निवेदकलाई सजाय गरिएको बहुविवाहको कसूर प्रचलित कानूनअनुसार दण्डनीय हुनुको साथै प्रहरी आचरणविपरीतको भई सेवाबाट बर्खास्त हुने अपराधभित्रको कसूर देखिए पनि त्यस्तो कसूरमा अधिकतम् वा उपल्लो हदको सजाय गर्न मिल्नेसम्मको गम्भीर प्रकृतिको भन्ने मान्न मिल्ने अवस्थाको नहुँदा उपल्लो हदको सजाय अर्थात् भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी सजाय गर्नु न्यायोचित र विवेकसम्मत् हुन नसक्ने।

प्रहरी नियमावली, २०४९ को नियम ८८ को (ग)(ङ) र (ज) अनुसारको कसूर गरेको तथ्य स्थापित भएको देखिँदा निज मानबहादुर भण्डारीलाई नोकरीबाट हटाउने गरी गरेको विपक्षी अञ्चल प्रहरी कार्यालय कोशीको मिति २०६२।११।२५ को निर्णय तथा सोलाई सदर गर्ने गरेको पूर्व क्षेत्रीय प्रहरी कार्यालय रानी विराटनगरको मिति २०६३।४।११ को निर्णय अन्यथा नहुँदा उक्त दुबै निर्णय बदर गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन। तसर्थ यी रिट निवेदक मानबहादुर भण्डारीको निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

इति संवत् २०६८ साल कात्तिक १४ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४ सालको २०६४-WO-०५०९, उत्प्रेषणयुक्त परमादेश, *सुयस प्याकुरेल वि. घरेलु तथा साना उद्योग विभाग समेत*

औद्योगिक व्यवसाय ऐन, २०३८ अन्तर्गतको सुविधा लिइसकेको उद्योगले औद्योगिक व्यवसाय ऐन, २०४९ लागू भएपछि पूँजी वृद्धि गरेकोमा सो उद्योगले उक्त ऐनको दफा १५(ञ) को सुविधा नपाउने भनी यी विपक्षीहरूले कुनै कानूनी आधार र कारण देखाउन सकेको देखिएन। यस्तो अवस्थामा, निवेदकले प्रचलित ऐनको प्रावधानअनुसार पूँजी वृद्धि गरेपछि पाउने करसम्बन्धी सुविधा पाऊँ भनी विपक्षीहरूसमक्ष माग गरेकोमा पहिले सुविधा नपाउने निर्णय गरिसकेको भनी भएको पूँजी वृद्धिअनुसार सुविधा पाउनु पर्ने हो होइन भन्नेतर्फ यकीन निर्णय गर्नुपर्नेमा सो नगरी कुनै कानूनी आधार र कारण बिना केवल एकपटक एकद्वार समितिको ९३ औं बैठकले गरेको निर्णयलाई नै आधार लिई सो निर्णय पुनरावलोकन गरी पुनः निर्णय गर्नु नपर्ने भनी निवेदनको तथ्यभित्र प्रवेश नै नगरी यी निवेदकलाई सुविधा नदिने गरी गरेको एकद्वार समितिको २०६४।६।२० मा बसेको २६१ औं बैठकले गरेको निर्णय कानूनअनुरूप नभई त्रुटिपूर्ण हुँदा उक्त निर्णय उत्प्रेषणको आदेशबाट बदर हुने।

निवेदक उद्योगले पछि पूँजी वृद्धि गरेको आधारमा उद्योग विभागमा उल्लिखित ऐनले दिएको सुविधा पाऊँ भनी दिएको निवेदनमा, निवेदकको मागबमोजिमको सुविधा पाउने नपाउने के हो सो सम्बन्धमा यकीन निर्णय चाँडो गर्न भनी विपक्षीहरूको नाममा परमादेश समेत जारी हुने।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

इति संवत् २०६८ साल कात्तिक १३ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४ सालको रिट नं. ०६४-WO-०७७०, उत्प्रेषणमिश्रित परमादेश, *अंकबहादुर बन समेत वि. वन समिति, जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु समेत*

निवेदकले दावी गरेको जग्गा निवेदकले पेश गरेको लगत र ७ नं. फारामबमोजिम जग्गा नै हो भनी निर्विवादरूपमा पुष्टि हुन नसकेको, यसै जग्गाबाट निवेदकले पहिले केही जग्गा दर्ता गरिसकेको र यसै विषयको विवादमा मालपोत कार्यालयले कि.नं. ७२७ को ४१५० व.मी. जग्गा दर्ता गर्ने निर्णय गरिसकेको सन्दर्भमा पनि निवेदकले सम्पूर्ण जग्गामा दावी गरेको देखिँदा दावीका सबै जग्गामा निवेदकको हक कायम हुन सक्ने हो वा होइन भनी प्रमाण बुझी प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्नुपर्ने देखिँदा यस्तो विषय रिट क्षेत्राधिकारबाट हेर्न मिल्ने देखिएन । यस्तो प्रमाण बुझी मूल्याङ्कन गरी निर्णय गर्नुपर्ने विषयमा निवेदकहरू उजूर लिई शुरू अदालतमा गए त्यहाँबाट नै उपचार पाउने नै हुँदा "विवादित जग्गा वन जंगल देखिएको भनी सामुदायिक वन वा सरकारी वन कायम गर्ने" भनी जग्गा नापजाँच ऐन, २०१९ दफा ११ख बमोजिम गठित वन समितिले मिति २०५२।१२।२६ मा गरेको निर्णयलाई रिट क्षेत्रबाट अन्यथा हो भन्न मिल्ने नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल कात्तिक २० गते रोज १ शुभम् ।

**इजलास नं. २**

**१**

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको फौ.पु.नं. CR-०५७१, कर्तव्य ज्यान, *रामनयन कुर्मी वि. नेपाल सरकार*

प्रमाणबिनाको साविती वा इन्कारी बयान अर्थहीन एवं प्रयोजनहीन हुन्छ । मृतक आफैं झुण्डिई मरेको भन्ने तथ्य कतैबाट पुष्टि हुन आएको देखिँदैन । झुण्डिई मर्नुपर्ने कारण पनि देखिँदैन । वारदात मृतक रातिमा सुतेको समयमा भएको र राति निदाएको अवस्थामा एक व्यक्तिलाई अर्को व्यक्तिले घाँटी कसी मार्न नसक्ने अवस्था रहँदैन । शव परीक्षण प्रतिवेदनबाट घाँटीमा कस्सिएको दाग, डाम रहेको देखिएको अवस्थामा मृतकको शरीरमा अन्यत्र दाग चोट नभएको भन्ने प्रतिवादीको अदालतमा भएको कथन असान्दर्भिक हुने ।

प्रतिवादी रामनयन कुर्मीको कर्तव्यबाट मृतक समपाती कुर्मीको मृत्यु भएको भन्ने किटानी जाहेरी, अधिकारप्राप्त अधिकारीसमक्ष भएको निज प्रतिवादीको साविती बयान, शव परीक्षण प्रतिवेदन र घटनामा प्रयोग भएको चुन्नी (सल) निज प्रतिवादीले देखाएको स्थानबाट बरामद भएको अवस्था, मौकामा कागज गर्ने व्यक्तिहरूको भनाई र जाहेरवालाको अदालतसमक्ष भएको बकपत्र समेतका मिसिल संलग्न प्रमाणहरू पुष्टि र समर्थित भएको देखिएको र निज पुनरावेदकउपरको अभियोग दावी तथ्यपूर्ण, स्वतन्त्र एवं विवादरहित प्रमाणहरूबाट पुष्टि हुन आई निज कसूरदार देखिँदा प्रतिवादीलाई अभियोग दावीबमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६८ साल पुस २० गते रोज ४ शुभम् ।

**इजलास नं. ३**

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-WO-१२०६, उत्प्रेषणयुक्त परमादेश समेत, डा.*चोपलाल भुषाल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

रिट निवेदकहरूलाई निजहरूको कानूनबमोजिमको पदावधि बाँकी रहँदै हेरफेर गर्नुपर्ने आवश्यकता र औचित्य रहेको कारण पदावधि बाँकी रहँदै हटाउनु परेको हो भन्ने युक्तियुक्त आधार, कारण र औचित्य समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेमा विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सो बारेमा केही पनि उल्लेख गर्न समेत सकेको देखिएन । मनोगत रूपमा बिना कुनै आधार र कारण र औचित्यता समेत उल्लेख गर्न नसकेको यस्तो अवस्थामा नेपाल स्वास्थ्य

अनुसन्धान परिषद् ऐन, २०४७ को दफा ७(४) को पूर्वावस्था नै विद्यमान भएको भनी मान्न नमिल्ने ।

निवेदकहरूलाई सुनुवाइको मौका समेत नदिई एवं कार्यकारी समितिको हेरफेरका सम्बन्धमा युक्तियुक्त आधार एवं औचित्यता समेत देखाउन नसकी विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६८।३।१ को कार्यकारी समितिको हेरफेर एवं थपघट गर्ने गरी भएको निर्णय र सो निर्णयको आधारमा प्रकाशित मिति २०६८।३।१३ को भाग ५ खण्ड ६१, संख्या ११ को नेपाल राजपत्रको सूचना, तथा उक्त सूचनाका आधारमा जारी गरिएका पत्रहरू समेत गैरकानूनी देखिएबाट उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकहरूलाई २०६६।५।२६ देखि चारवर्षको पदावधि मिति २०७०।५।२५ गतेसम्म साविकबमोजिम नै कार्य गरिदिनु भनी विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेतका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल मंसिर १४ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६७-WO-००६१, उत्प्रेषणयुक्त परमादेश, *नवलकिशोर कुशवाह समेत वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- ०६७-WO-१२०७, उत्प्रेषणयुक्त परमादेश समेत, *डा.शंकरप्रताप सिँह वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- ०६७-WO-१२९५, उत्प्रेषणयुक्त परमादेश, *मोहम्मद सतार वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको फौजदारी साधक नं. ०६६-RC-००८५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लक्ष्मी दास तत्मा समेत*

प्रतिवादी लक्ष्मीदास तत्मा, लक्ष्मण कापैर केवट चलितर सदा मुसहर, विकरू महरा चमार समेतउपर स्पष्ट किटानी जाहेरी परी अन्य प्रतिवादीहरू मौकामा पक्राउ परी अनुसन्धान तथा अदालतसमक्ष आफ्नो विवरण खोली बयान गरेको देखिन्छ । तर, यी प्रतिवादीहरूले आफूउपर जाहेरी दरखास्त परिसकेपछि अनुसन्धान तथा अदालतसमक्ष उपस्थित भै आफूउपर लागेको अभियोगको प्रतिवाद, खण्डन गरी अनुसन्धान तथा न्यायिक प्रक्रियालाई सहज पुऱ्याउनु पर्नेमा सो समेत गर्न सकेको देखिँदैन । वारदातमा संलग्न भएका प्रतिवादी कारी दास, भिखारी दास समेतका प्रतिवादीहरूले यी प्रतिवादी लक्ष्मी दास तत्माकै जरीयाबाट वारदात घट्न पुगेको भनी स्पष्ट उल्लेख गरेको देखिन्छ । घटनामा प्रत्यक्षरूपमा आफ्नो संलग्नता भएका यी प्रतिवादी लक्ष्मी दास तत्माले मृतलाई कुटपीट गरी वारदात भैरहेको ठाउँमा गै संयोग पारिदिन निमित्त भूमिका निर्वाह गरेको अवस्था समेत देखिँदा निज प्रतिवादी लक्ष्मी दास तत्माका हकमा ज्यनसम्बन्धीको १३(४) नं बमोजिम जन्मकैद हुने ।

प्रतिवादी लक्ष्मण कापैर केवट, चलितर सदा मुसहर महरा चमारको संलग्नतालाई प्रतिवादीमध्येका भिखारी दास, धनेश्वर दास तत्मा समेतका सहअभियुक्तको पोलबाट समर्थित भैरहेको र सहअभियुक्तको पोललाई खण्डन हुने गरी प्रतिवादीहरू अदालतसमक्ष उपस्थित भै बयान गरेको नदेखिई फरार रहिरहेको अवस्था हालसम्म पनि विद्यमान भएको देखिँदा निजहरूको संलग्नतालाई अन्यथा भनी भन्न सक्ने अवस्था नहुँदा प्रतिवादी विकरू महरा चमार, लक्ष्मण कापैर केवट, चलितर सदालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद तथा अर्का प्रतिवादी लक्ष्मी दास तत्माका हकमा ऐ.को १३(४) नं. बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल मंसिर १६ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-०००६, डाँका चोरी, *नेपाल सरकार वि. सूर्य तामाङ*

कुनै व्यक्तिउपर अभियोग लगाउँदैमा उसले कसूर अपराध गरेको नै हुन्छ भन्ने हुँदैन । लगाइएको अभियोगलाई अन्य स्वतन्त्र सबूद प्रमाणबाट समर्थित र पुष्टि गराउन सक्नु पर्छ । यदि त्यो अभियोग अन्य प्रमाणबाट पुष्टि नभएसम्म आरोपित व्यक्तिलाई कसूरदार ठहर गर्न मिल्ने हुँदैन । कसूर प्रमाणित गर्ने र शंकारहित ढंगबाट ठोस प्रमाणद्वारा कसूरदार प्रमाणित गर्ने गराउने प्रमाणको भार फौजदारी मुद्दामा वादी माथि रहने ।

अभियोजन पक्षले सूर्य तामाङ वा दावा तामाङ जे नाम भए पनि निज एकै व्यक्ति हो भन्ने शंकारहित प्रमाण पेश गर्न सकेको छैन । यस्तो संदिग्ध अवस्थामा निज दावा तामाङलाई सूर्य तामाङ हो भनी डाँका चोरी जस्तो फौजदारी कसूर अपराधमा संलग्न रहेको भनी सजाय गर्नु फौजदारी न्यायको सर्वमान्य सिद्धान्त समेत विपरीत हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल भदौ १८ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-००१८, हक कायम दर्ता गरिपाऊँ, *गंगाप्रसाद थारू वि. महम्मद हकिक मुसलमान*

विवादित जग्गा वादीले पेश गरेको मिति २०२२।६।१ को राजीनामामा उल्लिखित चार किल्लाभित्रको देखिन आउँछ । ती चार किल्लाहरू यो मुद्दा पर्नुभन्दा पहिलेदेखि नै खडा भएको लिखतहरूमा उल्लेख भएको देखिँदा त्यस्तो तथ्यलाई अविश्वसनीय मान्न सकिने देखिएन । त्यसमा पनि यिनै प्रत्यर्थी वादी प्रतिवादी र वादी सोहरत देई भई चलेको खिचोला मुद्दामा तत्कालीन पश्चिमाञ्चल क्षेत्रीय अदालतबाट मिति २०३३।२।२५ मा फैसला हुँदा सो मुद्दाका वादी सोहरत देइको जग्गा खिचोला गरे भन्ने दावी पुग्न नसक्ने भनी फैसला भएको छ । त्यसबाट पनि विवादित चारकिल्लाभित्रको जग्गा यिनै प्रत्यर्थी वादीको राजीनामाभित्रकै जग्गा भएको अवस्था देखिँदा प्रस्तुत विवादित जग्गामा वादीको हक पुग्न नसक्ने भन्ने अवस्था पनि रहन्न । प्रत्यर्थी वादीले मिति २०२२।६।१ मा राजीनामाबमोजिमको २४-१५-१६ जग्गा सबै निजका नाममा दर्ता हुन नसकेको र विवादित कि.नं. ९७२ को ०-१६-४ जग्गामा निजको हक पुग्दा समेत जग्गाको सम्पूर्ण क्षेत्रफल खरीद गरेको भन्दा घटी नै हुने देखिन्छ । यसरी प्रत्यर्थी वादीले राजीनामा पारीत गरी लिएको विवादित जग्गाको चारकिल्लासहितको निस्सा प्रमाण हुँदाहुँदै पुनरावेदक प्रतिवादीले पेश गरेको फरक-फरक तथ्यको शंकास्पद र भ्रामक आधार प्रमाणका भरमा वादीको जग्गालाई प्रतिवादीको भनी अर्थ गर्नु न्यायोचित नहुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल भदौ १८ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६२ सालको दे.पु.नं. ८२७०, निषेधाज्ञा, *रामप्रसाद यादव वि.महेन्द्र यादव*

पुनरावेदकले यिनै निवेदकउपर सप्तरी जिल्ला अदालतमा सा.दे.नं. २५६० को गाउँब्लक लगत कायम बदर हक कायम र सा.फौ.नं. ५४४ को जालसाल मुद्दा दिएको भनी पुनरावेदनमा उल्लेख गर्नुको साथै निजले पेश गरेको तारिख पर्चाबाट यी दुई पक्षबीच जिल्ला अदालतमा उक्त मुद्दाहरू चली हाल कारवाहीयुक्त अवस्थामा रहेको भन्ने देखिन आयो । यसबाट कि.नं. ६५५ को जग्गामा तेरो मेरो भन्ने विवाद सिर्जना भएको पाइयो । तेरो मेरोमा विवाद उठेकोमा साविक स्रेस्तालगायत हकभोगको प्रमाण समेतका आधारमा उक्त विवादित जग्गा कसको कायम हुने भन्ने विवादको निरोपण प्रमाणको मूल्याङ्कन गरी सोही मुद्दाबाट हुने नै हुँदा प्रमाणको रोहबाट निरोपण गरिने विवादित विषयवस्तुमा निषेधाज्ञाको रोहबाट तथ्यभित्र प्रवेश गरी बोल्न नमिल्ने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल पुस १२ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-RC-००१६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामबहादुर बोटे समेत*

मृतक तथा प्रतिवादी दुबै जनाले रक्सी सेवन गरेको सुरमा घरायसी कुरामा आपसमा विवाद भई कुटपीट र बाँधछाँद गर्दा मृतकको मृत्यु हुन पुगे पनि मृतकलाई मार्ने पूर्व रिसइवी यी प्रतिवादीमा रहे भएको देखिन नआएको, वारदातको विषयमा जाहेरी गर्नु अगावै वारदातको विषयमा भएको सत्य तथ्य व्यहोरा सबै उल्लेख गरी कागज गर्नुको अतिरिक्त अनुसन्धान अधिकारी र अदालतमा समेत वारदात आफैंले गरेको भनी स्वीकार गरी न्यायिक कार्यमा समेत सहजता प्रदान गरेको स्थिति, वारदातको प्रकृति र स्वरूप तथा प्रतिवादीको दयनीय पारिवारिक पृष्ठभूमि समेतलाई विचार गर्दा अभियोग माग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्दा चर्को पर्न जाने हुँदा निज प्रतिवादी रामबहादुर बोटेलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम १० वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृत: दीपक ढकाल

इति संवत् २०६८ साल माघ २० गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६३-CI-०८८५, खिचोला मेटाई हक कायम गरिपाऊँ, *बिनादेवी श्रेष्ठ वि. अशोकरत्न बज्राचार्य*

अधिकारक्षेत्रविहीन निकायले अधिकारक्षेत्र ग्रहण गरी हकका विषयमा गराएको मिलापत्रको कुनै कानूनी अस्तित्व नहुने र स्वत: बदरभागी भई परिणामत: शून्य हुने त्यस्तो प्रकृतिको मिलापत्रलाई हकको मूल स्रोत मानी हक कायममा गरिएको दावी नै कानूनविपरीत हुने हुँदा स्वत: बदरभागी भई परिणामत: शून्य हुने मिलापत्रलाई हकको मूल स्रोत मान्न नमिल्ने हुँदा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत: दीपक ढकाल

इति संवत् २०६८ साल मंसिर ११ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६३-CI-०८८४, फैसला बदर, *बिनादेवी श्रेष्ठ वि. अशोकरत्न बज्राचार्य* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** पुनरावेदन नं. ०६५-CR-०६०४, जीऊ मास्ने बेच्ने, *नेपाल सरकार वि. करन मल्ल*

होटलमा आउने ग्राहकसँग यौन सम्पर्क गर्ने गरेको क्रियाबाट प्रतिवादीले पीडित भनिएका लक्ष्मी खत्री तथा अस्मिता रायमाझी समेतलाई होटलमा आउने ग्राहकसँग वेश्यावृत्तिको परिपञ्च मिलाएको देखिन आई निजले जीऊ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४ को देहाय (घ) मा उल्लिखित कसूर गरेको देखिन आयो । प्रतिवादीको भनाई मानी वेश्यावृत्तिमा संलग्न भएका पीडित भनिएका व्यक्तिहरूले प्रतिवादीलाई बचावट गर्ने उद्देश्यले प्रस्तुत मुद्दाको अनुसन्धान तथा कारवाहीलाई प्रभावित गर्न यस अदालतमा रिट निवेदन दिएको भन्ने आधारले अदालतमा निजहरूले स्वेच्छाले गरेको सनाखत बयानलाई अन्यथा मान्न मिलेन । मौकामा अदालतमा बयान प्रमाणित भएका पीडित भनिएका व्यक्तिहरूको अदालतमा बकपत्र हुन नसके पनि मिसिलबाट खम्बीर भएको तथ्यलाई इन्कार गर्न नसकिने ।

प्रतिवादीले जीऊ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४ को देहाय घ बमोजिम जीऊ मास्ने बेच्ने क्रियाको रूपमा रहेको वेश्यावृत्तिको परिपञ्च मिलाएको कसूर गरेको भन्ने देखिएको अवस्थामा पीडित भनिएका व्यक्तिहरू बकपत्र गर्न उपस्थित नभएको भन्ने आधारमा अभियोगबाट सफाइ दिन नमिल्ने भै प्रतिवादीले जीऊ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४ को देहाय (घ) बमोजिमको कसूर गरेको ठहर्छ । सो कसूर गरेबापत निज प्रतिवादीलाई सोही ऐनको दफा ८(४) बमोजिम ५ वर्ष कैदको सजाय समेत हुने ।

इजलास अधिकृत: दीपककुमार दाहाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०६८ साल कात्तिक ६ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको MS-००१६, अदालतको अपहेलना, *सर्वोच्च अदालत वि. गृह मन्त्रालय समेत*

प्रभावकारी न्याय व्यवस्थाको लागि अदालतको गरिमामा जानाजान आँच आउने, प्रतिष्ठा र इज्जतलाई अपमानित गर्ने र न्यायिक कामकारवाहीमा जानाजान अवरोध सिर्जना गर्ने क्रियाकलापलाई निरूत्साहित गर्नुपर्ने ।

के कस्तो कामले अदालतको अपहेलना हुन्छ भन्ने कुरा त्यसको परिस्थितिअनुसार अदालत आफैले ठहर गर्ने कुरा हो । सोमध्ये अदालतको निर्णय वा आदेशको जानाजान अवज्ञा (Willfull Disobidence) गर्ने कार्य अदालतको अपहेलनाको महत्वपूर्ण आधार हुन आउँछ । यसरी आदेश वा फैसलालाई निस्तेज पार्ने वा न्याय सम्पादनमा अवरोध सिर्जना गर्ने प्रयास गरिएको हो भने अदालतले निश्चय नै गम्भीर भई सोच्नुपर्ने ।

प्रचलित संविधान, ऐन र कारागार नियमावलीले निर्दिष्ट गरेबमोजिम बन्दी थुनुवाहरूलाई बाँकी कैद माफी मिनाहा दिँदा कानून कार्यान्वयन गर्ने सरकारी निकायहरूका बीचमा हुनुपर्ने समन्वय र सजगताको गम्भीर अभाव रहेको देखिएबाट अदालतबाट भएका फैसला कार्यान्वयनमा समेत अवरोध र असुविधा पर्न गएको देखियो । यसका साथै अन्तिम फैसलाबाट सजायमा हुनसक्ने थप, घट वा दोषी वा निर्दोष के कायम हुने हो भन्ने कुरा अन्तिम निर्णय हुनु अगावै कैद मिनाहा भएबाट न्यायिक प्रक्रियामा गम्भीर असर पर्न जाने देखिन आउँछ । तसर्थ, अब अदालतबाट भएका आदेश र फैसलाबमोजिम कैद वा थुनामा रहेका कैदी बन्दीहरूलाई प्रचलित कानूनबमोजिम कैद माफी मिनाहा दिँदा निम्नबमोजिमको कार्यविधि पूरा गरेर मात्र कारवाही अगाडि बढाउनु, यसअनुरूप सबै निकायमा परिपत्र गरी अनिवार्यरूमा कार्यान्वयन गर्नु गराउनू भनी विपक्षी गृह मन्त्रालयका नाममा यो निर्देशात्मक आदेश जारी गरिएको छ । यसको जानकारी महान्ययाधिवक्तामार्फत् विपक्षीहरूलाई दिनू ।

१. कैद माफी मिनाहाको लागि कारवाही गरिनुपर्ने व्यक्ति वा व्यक्तिहरू (प्रतिवादी) कुन मुद्दाबाट कुन अदालतको, कुन मितिको आदेश वा फैसलाले लागेको कति वर्षको लागि कैदमा रहेको हो बन्दी रहेको कारागार कार्यालयले यकीन गर्ने ।
२. प्रचलित कानूनबमोजिम सो मुद्दामा माथिल्लो निकायमा पुनरावेदन गर्ने अवस्था बाँकी छ वा छैन, यकीन गरी प्रचलित कानूनबमोजिम पुनरावेदन गर्ने अवस्था भए सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयलगायतका निकायमार्फत् पुनरावेदन परे नपरेको जानकारी लिने ।
३. आफूकहाँ कैदीलाई राख्न पठाउने आदेश वा फैसला गर्ने अदालत वा निकायको निर्णयउपर प्रचलित कानूनबमोजिम पुनरावेदन पर्ने म्याद समाप्त नभएसम्म वा पुनरावेदन परेको भए मुद्दाको अन्तिम फैसला नभएसम्म कैद सजाय मिनाहाको कारवाही अगाडि नबढाउने र अन्तिम फैसला भएपछि मात्र अन्तिम फैसलाबमोजिम कैद सजायलाई आधार मानेर मात्र माफी मिनाहाको कारवाही अगाडि बढाउने ।
४. अदालतको कामकारवाहीलाई अवरोध नहुने गरी कैद माफी मिनाहाको कामकारवाहीलाई थप प्रभावकारी रूपमा व्यवस्थापन गर्न महान्यायाधिवक्ताको कार्यालय र अन्य सरोकारवाला सरकारी निकायहरू समेतसँग समन्वय गरी गृह मन्त्रालयले थप वस्तुनिष्ठ निर्देशिका तयार गरी तदनुरूप कार्यान्वयन गर्ने गराउने ।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल मंसिर १ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-CI-१००६, लेनदेन, *हिरालाल साह वि. भोगीलाल साह*

कपाली तमसुक हराएको भनी लेनदेनको रकम फिर्ता गरेको पुष्टि हुने गरी वादीबाट भएको भरपाईले प्रचलित कानूनी मान्यता पाउन सक्ने नै देखियो । वादीले प्रतिवादीबाट तमसुकबमोजिम रकम पाउनु पर्ने भन्ने जिकीर कानूनसम्मत् मान्न मिलेन र

निजले रकम नलिएको भन्ने जिकीर खम्बीर गर्न सकेको नदेखिँदा पेश हुन आएको भरपाईमा लागेको सहीछापलाई आफ्नो भनी वादीले स्वीकार गरेको र भरपाईले रकम बुझिसकेको देखिएको परिप्रेक्ष्यमा दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल मंसिर १ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,**

रि.नं. ०६७-WO-००८६, उत्प्रेषणयुक्त परमादेश समेत, *गोरखबहादुर श्रेष्ठको अ.वा.धनबहादुर श्रेष्ठ वि.मनमाया आले मगर समेत*

निवेदक गोरखबहादुर श्रेष्ठ विपक्षी मनमायासँग सगोलमै रहेको बसेको अवस्थामा निवेदक गोरखबहादुर श्रेष्ठ विदेश गएको समयमा निजकी श्रीमती मनमायाले घरको मुख्य भै व्यवहार सम्हालेको र सोही बखतमा विपक्षी कृष्ण महर्जनसँग लेनदेन व्यवहार गरी ऋण लिई गरिएको लिखत विधिवत् रूपमा मालपोत कार्यालयबाट रजिष्ट्रेशन पारीत गरी लिएको देखिएको छ । (नेकाप २०५९ अङ्क ३/४ नि.नं. ७०८५ पृष्ठ २४६ (पवित्रा तलीन विरूद्ध महिनाराण साह तेली भएको लिलाम बदर दर्ता बदर कायम मुद्दा) हेर्दा ऋण खाँदा सँग बसेका वादीको नामको जग्गा जायजात हुन नसक्ने भन्न नमिल्ने भन्ने प्रतिपादित सिद्धान्त तथा दण्ड सजायको २६ नं. को कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा सगोलमा रहँदाका अवस्थामा लिएको ऋण सगोलको सम्पत्तिबाट असूलउपर गर्न मिल्ने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल पुस २८ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,**

रि.नं. ०६५-WO-०८११, उत्प्रेषण समेत, *दर्पलाल शाह समेत वि.गुलावदेवी तेलिन समेत*

जग्गाको बाली खाँदाका अवस्थादेखि बाली बिगो मुद्दा चली बाली बिगो भरिपाउने ठहरी फैसला हुँदाका बखतसम्म पनि रिट निवेदक तथा निजका अंशियार श्रीमती तथा छोराहरू एकासगोलमा रहे बसेको र सो बाली बिगो मुद्दा अन्तिम किनारा लागेपछि मात्रै आपसमा अंशबण्डा गरेको देखिँदा मुलुकी ऐन, दण्ड सजायको २६ नं. को कानूनी व्यवस्थाअनुसार पछि छुट्टी भिन्न भए पनि धन खाँदाका बखत सगोलमा बस्ने सबै अंशियारको लिए खाएको ऋणमा समान दायित्व हुने र सो ऋण सबैले तिर्नुपर्ने नै हुन्छ । उक्त कानूनी व्यवस्थाअनुसार बाली बिगो मुद्दाबाट ठहर भएको बिगो सबै अंशियारले तिर्नु बुझाउनु पर्ने देखिइरहेको अवस्थामा सबै अंशियारको नाममा रहेको जेथा देखाई फैसला कार्यान्वयनको लागि दिएको दरखास्त तथा सो दरखास्तका आधारमा देखाएको जेथा फैसला कार्यान्वयन प्रयोजनको लागि रोक्का राखेको तथा लिलामसम्बन्धी कारवाही अगाडि बढाइएको कार्यलाई अन्यथा भन्न नसकिने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल पुस २८ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,**

रि.नं. ०६७-WO-०६५२, उत्प्रेषण समेत, *शेष बोजैर वि. शेख मैरुद्दिन समेत*

एकासगोलमा रहँदा बस्दाको अवस्थामा लिए खाएको ऋणको दायित्व सबै अंशियारले व्यहोर्नुपर्ने स्थितिमा निवेदकले सबै अंशियार सगोलमा रहेको अवस्थामा सगोलकै अंशियारले लिएको ऋण असूल गर्न जुन व्यक्तिलाई ऋण दिएको हो सोही व्यक्तिका नाममा दर्ता रहेको जग्गा देखाई फैसला कार्यान्वयन गर्न दरखास्त दिएको र सोहीबमोजिम बिगो असूलउपर गर्ने प्रयोजनको लागि उक्त जग्गा रोक्का राखी भएको लिलामसम्बन्धी कार्य कानूनअनुरूप नै भएको देखिन आएको अवस्थामा ऋणी शेख कमरुद्दिनको अंश हक बाहेक अन्य ६ भागको ५ भाग लिलाम बदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको मिति २०६७।७।२५ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । रौतहट जिल्ला अदालतबाट भएको लिलामी मुचुल्का र सो आधारमा निवेदकको नाममा भएको नामसारी दर्ता एवं जग्गाधनी प्रमाणपूर्जा समेत यथावत

सदर कायम राख्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश समेत जारी हुने ।
इजलास अधिकृतः ऋषिराम आचार्य
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल पुस २८ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-CI-०६०७, अवण्डा घरजग्गा बण्डा दर्ता चलन, *वैद्यनाथ ठाकुर समेत वि. तेजनारायण ठाकुर भूमिहार*

"साझा" सम्पत्तिका रूपमा रहेको जग्गा सम्पत्तिका अंशियारको सहमति वा मञ्जूरी बेगर हक टुटाइएको छ भने त्यस्तो कार्यले वैधता प्राप्त गर्न नसक्ने हुन्छ । २०१६।७।२९ बण्डापत्रमा नै "साझा" उल्लेख भई कसैको पनि एकलौटी कायम हुन नसक्ने त्यस्तो प्रकृतिको सम्पत्तिमा कुनै एक अंशियारलाई बाहेक गरी अन्य अंशियारले आफ्ना नाममा रैतानीमा परिणत गर्दैमा पछिबाट गराएको रैतानी नम्बरी परिणतले साविक बण्डापत्रमा अबण्डाका रूपमा राखिएको सम्पत्तिको हक लोप गर्न नसक्ने ।

वादी र प्रतिवादी रामललन ठाकुर समेतको बीचमा बण्डापत्र पारित हुँदा सबै सम्पत्ति बण्डा नगरी विवादको कि.नं. १३६ जग्गा अवण्डा राखिएकोमा अंशियारमध्ये रामचन्द्र ठाकुर र रामलालन ठाकुरले आफ्नो नाममा कायम नगराउँदैमा यी वादीको अंश हक जान सक्ने स्थिति नहुँदा कि.नं. १३६ घरबारी जग्गाबाट यी वादीको अंश हक कायम रहने हुँदा घरजग्गाको भौतिक अवस्था समेत विचार गरी नरम करम मिलाई २ भागको १ भाग वादीको भागमा पर्ने आधा घरजग्गा वादीका नाउँमा बण्डा छुट्ट्याई दर्ता समेत गरिदिनु पर्ने ।
इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल पुस २० गते रोज ४ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६५-CI-०६०८, शेषपछिको बकसपत्रको लिखत बदर, *मु.स. गर्ने वैद्यनाथ ठाकुर समेत वि. तेजनारायण ठाकुर भूमिहार*
- ०६५-CI-०६०९, मिलापत्र बदर दर्ता बदर, *मु.स. गर्ने वैद्यनाथ ठाकुर समेत वि. तेजनारायण ठाकुर भूमिहार*
- ०६५-CI-०६१०, शेषपछिको बकसपत्रको लिखत बदर, *मु.स. गर्ने वैद्यनाथ ठाकुर समेत वि. तेजनारायण ठाकुर भूमिहार*

११

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-WO-०१४१, उत्प्रेषण, अधिकारपृच्छा, परमादेश समेत, *दीपककुमार थिङ्ग समेत वि.भक्तिपुर गा.वि.स.को कार्यालय, भक्तिपुर सर्लाही समेत*

जुन मुद्दा पुनरावेदन अदालतमा विचाराधीन रहेकोले सो मुद्दाको अन्तिम किनारा नलागेसम्मका लागि विचाराधीन मुद्दालाई असर पर्ने गरी ठेक्कामा दिनेलगायतको काम नगर्नु भनी प्रस्तुत रिट निवेदन दर्ता भएको छ, सो विवाद नै अदालतबाट अन्तिम भई निर्णय भैसकेको र सो निर्णयबाट सो विवादित जग्गाको निवेदकका नाम दर्ताको दा.खा. दर्ता बदर भई स्वामित्व र भोगाधिकार समेत समाप्त भै सो जग्गा सार्वजनिक कायम भएको देखियो । यसरी सार्वजनिक कायम भएको जग्गाको भोगचलन गर्न पाउने हकाधिकार समेत रहेको देखिएन । अर्कातर्फ सो मन्सराम पोखरीको ठेक्का लगाउने कार्य समेत सम्पन्न भैसकेको भन्ने लिखित जवाफबाट देखिन आउँदा रिट निवेदनको औचित्य समेत विद्यमान रहेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल कात्तिक २५ गते रोज ६ शुभम् ।

१२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०१६२, परमादेश, *रामबाबु राय वि. स्वास्थ्य सेवा विभाग पचली टेकु समेत*

अधिकृत छैठौं तहमा स्तरवृद्धि भएका यी निवेदकलाई हेल्थ इन्स्पेक्शन समूहअन्तर्गत व्यवस्था गरिएको पदमध्ये कुनै एक पदनाम नदिई राखिरहन समेत उचित नभएको एवं सि.नं. २३ मा उल्लिखित सि.अ.हे.व. अधिकृत पदनाम दिन सकिने भनी लिखित जवाफ रहेको समेतबाट उक्त हेल्थ इन्स्पेक्शन समूहको

सि.नं. २३ मा उल्लिखित सि.अ.हेव. अधिकृत वा निवेदकको माग दावी समेतलाई मध्येनजर गरी हेल्थ इन्स्पेक्शन समूहअन्तर्गत निवेदकको योग्यताका आधारमा स्तरवृद्धि भएअनुसारको पदनाम दिनुपर्ने ।

अनुसूची ३ को हेल्थ इन्स्पेक्शन समूहअन्तर्गत सि.नं. २६ को परिवार नियोजन सुपरभाइजर अधिकृत पदनाम पाउनुपर्ने भन्ने सो हदसम्मको निवेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल पुस १४ गते रोज ५ शुभम् ।

१३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-WH-००३४, वन्दीप्रत्यक्षीकरण, *सुप्रिया श्रेष्ठ(राणा) वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

व्यक्तिको जीवन र स्वतन्त्रता सर्वाधिक महत्वको हुन्छ भन्ने कुरामा विवाद छैन । कानूनी राजको सिद्धान्तबमोजिम संविधान र कानूनले तोकेको उचित प्रक्रिया (Due Process of Law) बिना वैयक्तिक स्वतन्त्रता अपहरण नगरिने संवैधानिक प्रत्याभूति गरेको छ । त्यसैगरी संविधानको धारा २४(३) मा "पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्यादबाहेक पक्राउ परेको चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन" भन्ने उल्लेख भएको पाइन्छ । प्रस्तुत संवैधानिक व्यवस्थाले कुनै पनि व्यक्तिलाई पक्राउ गरिनु नै हुँदैन भन्ने देखिँदैन । बरू व्यक्तिको अमूल्य वैयक्तिक स्वतन्त्रतालाई अपहरण गरी पक्राउ गर्नको लागि प्रचलित कानूनको अख्तियारीभित्र रही मनासिब (Reasonable) आधार र कारण हुनुपर्ने पूर्वशर्त राखेको पाइने ।

सार्वजनिक अपराधसम्बन्धी मुद्दाहरू हेर्न प्रचलित कानूनले अख्तियारी दिएको जिल्ला प्रशासन कार्यालयबाट म्याद थप लिएको कार्यले यी संगीता श्रेष्ठ(राणा) लाई गैरकानूनी रूपमा पक्री संवैधानिक हकमा आघात पुग्ने गरी थुनामा राखेको अवस्था देखिएन । साथै आज विपक्षी प्रहरी कार्यालयबाट प्राप्त मिसिल हेर्दा मुद्दा हेर्ने साधिकार निकाय जिल्ला प्रशासन कार्यालयबाट केही सार्वजनिक अपराध मुद्दामा कारवाहीको सिलसिलामा अनुसन्धानको लागि १० दिनको म्याद थप गरी मुद्दा पुर्पक्षको लागि थुनामा राखेको भन्ने सो प्रमाण मिसिलबाट देखिन आउँछ । यसबाट संगीता श्रेष्ठ (राणा) लाई प्रचलित संविधान र कानूनप्रतिकूल पक्राउ गरी निजको स्वतन्त्रता अपहरण हुन गएको भन्ने देखिन आउँदैन । मुद्दा हेर्ने निकायबाट २४ घण्टाभित्रमा म्याद थप गरेको भन्ने तथ्य सो प्रमाण मिसिलबाट पुष्टि भैरहेको हुँदा संगीता श्रेष्ठ (राणा) लाई प्रथम दृष्टिमा (Primefacie) गैरकानूनी गिरफ्तार गरेको भन्न नमिली कानूनअनुरूप नै पक्राउ गरी मुद्दा अनुसन्धान भैरहेको देखियो । निजलाई थुनामा राखी कारवाही गर्नुपर्ने हो, होइन भनी सोही मुद्दाबाट नै न्याय निरूपण गरिने हो । यसरी मुद्दा अनुसन्धानको सिलसिलामा प्रचलित कानूनअनुरूप कामकारवाही भैरहेको अवस्थामा वन्दीप्रत्यक्षीकरणको रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल कात्तिक २३ गते रोज ४ शुभम् ।

१४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६३-CI-०८८७, ०९०८ मोही कायम, *पदमबहादुर खड्का वि. शिवहरि राजभण्डारी समेत, माधव थापा वि.पदमबहादुर खड्का*

तत्कालीन भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३४(१) मा भएको कानूनी व्यवस्थाबमोजिम रीत पुगेको कबुलियतनामाले मात्र कानूनी मान्यता प्राप्त गर्न सक्दछ अन्यथा त्यस्तो कबुलियतले वैधानिकता प्राप्त गर्न सक्दैन । वैधानिकता प्राप्त गर्न जग्गाधनी र मोही दुवैको सहीछाप भई एकप्रति सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा पेश गरेको हुनुपर्ने ।

उक्त कबुलियत तत्कालीन भूमिसम्बन्धी ऐन, २०२१ ले निर्दिष्ट गरेबमोजिमको कानूनी प्रक्रिया पूरा नभएको एवं ६ जना हकवाला भएकोमा एकजनाले गरिएको भनेको र त्यसमा पनि तत्काल कायम रहेको सम्बन्धित पञ्चायतमा पेश नगरेको र कानूनी शर्तविपरीत खडा भएको त्यस्तो कबुलियतको कानूनी अस्तित्व नरहने ।

मोही रोज्न पाउने अधिकार कानूनले तोकेको सीमामा रही जग्गाधनीले मात्र गर्न पाउने गरी निजमा अधिकार निहीत गरेको अवस्थामा सोको विपरीत मोहीमा नै विवाद रहेका व्यक्ति यी कान्छी प्रजापतिले मोही फलानो हो भनी नामाङ्कन गर्दैमा मोही हक सिर्जना हुने होइन। मोहीको हक छोडपत्र गर्ने वा नगर्ने भन्ने अधिकार नै निज कान्छी प्रजापतिमा नरहेको स्थितिमा त्यस्ता अनधिकृत व्यक्तिले अनधिकृतरूपमा गरेको भनेको कानूनी अस्तित्वविहीन कागजको आधारमा गरिएको दावी कानूनसम्मत् नदेखिने।

२०४६।१२।८ को कागजलाई मोही हकको स्रोत देखाई निज पदमबहादुरले दावी गरेकोमा कान्छी प्रजापति र पदमबहादुर खड्का दुबै मोही होइनन् भनी जग्गाधनीहरूले इन्कार गरेको अवस्थामा एकाको दावीमा अर्को व्यक्ति मोही हो, होइन भनी सो विषयमा प्रवेश गरी दावीभन्दा बाहिर गई पुनरावेदनको रोहबाट निर्णय गर्न कानूनतः मिल्ने देखिँदैन। मोही कायम सम्बन्धमा यी पुनरावेदक कान्छी प्रजापतिको छुट्टै दावी नभई प्रतिउत्तर र पुनरावेदन जिकीरसम्म रहेको स्थितिमा पुनरावेदनको रोहबाट निजले मोहियानी पाउने नपाउने भनी निर्णय गर्न नमिल्ने।

कि.नं. २५३ को जग्गाको जोताहाको नाम संशोधन गरी आफ्नो नाम जनिई मोही कायम हुनुपर्ने भन्ने वादी पदमबहादुर खड्काको दावी नपुग्ने तथा पदमबहादुर खड्काको दावीबाट कान्छी प्रजापती मोही हो वा होइनन् भनी निर्णय गर्न नमिल्ने हुँदा कान्छी प्रजापतिको पुनरावेदन जिकीर पुग्न नसक्ने।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल माघ २ गते रोज २ शुभम्।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छन्:

- ०६५-CR-०५८०, जालसाजी, *पदमबहादुर खड्का वि. रामकुमारी राजभण्डारी समेत*
- ०६५-CI-०६७८, दाखिल खारेज समेत, *पदमबहादुर खड्का वि. रामकुमारी राजभण्डारी समेत*
- ०६५-CI-०६७९, लिखत बदर, *पदमबहादुर खड्का वि. रामकुमारी राजभण्डारी समेत*
- ०६५-CI-०६८०, लिखत बदर, *पदमबहादुर खड्का वि. रामकुमारी राजभण्डारी समेत*
- ०६५-CI-०६८१, लिखत बदर, *पदमबहादुर खड्का वि. रामकुमारी राजभण्डारी समेत*
- ०६५-CI-०६८२, लिखत बदर, *पदमबहादुर खड्का वि.रविन्द्र चापागाई समेत*
- ०६५-CI-०६८३, लिखत बदर, *पदमबहादुर खड्का वि.बागमती प्रोपर्टी डिलर्स प्रा.लि.समेत*

१५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** रिट नं. ०६६-WO-०६४७, परमादेश, *वालकृष्ण मैनाली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपाल सन्धि ऐन, २०४७ दफा ९ मा भएको प्रावधान हेर्दा उपदफा (१) मा "सविधानसभाबाट अनुमोदन सम्मिलन स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानूनसरह लागू हुनेछ" भन्ने उल्लेख भएको देखिन्छ। नेपाल सन्धि ऐनमा भएको उपरोक्त प्रावधानबाट नेपाल वा नेपाल सरकार पक्ष भएको सन्धिको कुरासँग नेपाल कानूनका प्रावधान बाझिन गएमा सन्धिको प्रयोजनका लागि सन्धिकै व्यवस्था लागू हुने भन्ने देखिन आउँछ। यसबाट उक्त महासन्धिको प्रयोजनको लागि बालबालिकासम्बन्धी ऐनमा अन्यथा उल्लेख भएकै आधारमा बाल अधिकारसम्बन्धी महासन्धिको प्रयोजनको लागि पनि बालबालिकासम्बन्धी ऐनकै प्रावधान लागू हुन्छ भन्न नमिल्ने।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल असोज ५ गते रोज ५ शुभम्।

१६

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** रिट नं. ०६७-WO-०९५७, परमादेश, *अच्यूत आचार्य समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

व्यवस्थापिका संसदबाट बन्ने कानूनबाट तत्सम्बन्धी आयोग समेत नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३(थ) र (ध) अनुरूप कानूनबमोजिम नै गठन हुने भै पीडित परिवारले बेपत्ता पारिएका आफन्तहरूको बारेमा सत्यतथ्य यथार्थता जानकारी पाउने अधिकारको स-सम्मान हुने अवस्थाप्रति यो अदालत विश्वस्त रहेको हुँदा निवेदन मागबमोजिमका कुराहरूप्रति सरकारले बेवास्ता गरेको भनी अहिल्यै अनुमान गर्न सकिने अवस्था रहेन। व्यवस्थापिका संसदमा निवेदकले माग गरेको कानूनका विधेयकहरू विचाराधीन रहेको विषय हुँदा विधायिकी अधिकार र प्रक्रियामा रहेको विषयमा हस्तक्षेप गरी आदेश दिनु संविधान तथा न्यायका सिद्धान्तले समेतले नमिल्ने।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल असोज ५ गते रोज ५ शुभम्।

१७

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६६-CR-०२०९, हातहतियार खरखजाना, *नेपाल सरकार वि. प्रभाकर भन्ने राजदेव कुशवाहा समेत*

राजदेव कुशवाहले अरूले दिएको हतियारसम्म आफूले साथमा राखेको र गैरकानूनी रूपमा प्रयोग गर्ने मनसाय रहेको वा गरेको भन्ने अवस्था नदेखिँदा निजको कसूरको प्रकृतिको आधारमा निजलाई १ वर्ष कैद गर्ने गरेको पुनरावेदन फैसला मनासिब नै देखिने।

सुरेन्द्र दास मौकामा तथा मुद्दा हेर्ने अधिकारीसमक्ष इन्कार रही बयान गरेको, सह-अभियुक्तले समेत निज विरूद्ध पोल गर्न नसकेको र मिसिल संलग्न ठोस सबूद प्रमाणबाट निज विरूद्धको अभियोग पुष्टि हुन सकेको पाइँदैन। फौजदारी मुद्दामा केवल शंका र अनुमानको भरमा सहअभियुक्तसँग हिँडेकै भरमा सजाय गर्नु अन्यायपूर्ण हुन जान्छ। पुनरावेदक वादीले अपराधको वस्तुनिष्ठरूपमा पुष्टि गर्ने दायित्व निर्वाह गर्न सकेको देखिएन। निज विरूद्धको अभियोग दावी तथ्ययुक्त र ठोस सबूद प्रमाणबाट पुष्टि हुन सकेको नदेखिएबाट प्रतिवादी राजदेव कुशवाहलाई हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा २० को उपदफा (३) बमोजिम १ वर्ष कैद र अर्को प्रतिवादी सुरेन्द्र दासलाई अभियोग दावीबाट सफाइ हुने।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल कात्तिक २० गते रोज १ शुभम्।

१८

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. ०२११, घर उठाई जग्गा खाली गराई खिचोला मेटाई चलन, *सन्तोष स्वर्णकार वि. गंगा महतो समेत*

सम्पत्तिमा वैध स्वामित्ववालाले भोग गरिरहेको हुन्छ भन्ने सामान्य अनुमान हो। तर वैध स्वामित्व कुनै एक व्यक्तिको रहेको र व्यवहारमा भोग वैध स्वामित्ववाला बाहेकको व्यक्तिमा रहेको अवस्था हुनसक्ने तथ्यलाई इन्कार गर्न नसकिने।

कसैले कुनै सम्पत्ति आफ्नो भन्ने हैसियतमा निरन्तररूपमा भोग गरिरहेको हुन्छ र त्यसउपर वैध स्वामित्ववालाले थाहा पाएर पनि त्यस्तो भोगलाई मौन सम्मति प्रदान गर्दछ भने त्यसबाट भोगकर्ताको भोगाधिकार सिर्जना हुन सक्दछ। अर्थात् बलपूर्वक, चोरी क्रिया, अनुरोध वा विशेष आग्रहको अभावमा अर्काको जग्गामा दीर्घ भोग नै वास्तविक प्रतिकूल भोग (Adverse Possession) को स्थापित आधार हो भनी मान्न सकिन्छ। प्रतिकूल भोग स्थापित गर्न भोगको अटुट निरन्तरता परम आवश्यक तत्व मानिने।

विपक्षीले साविकदेखि नै घर बसोबास गरेको कार्यलाई यी पुनरावेदक वादीको आचरणबाट मौन स्वीकृति दिएको अवस्थामा न.नं. ७ को कि.नं. ८३७ को जग्गाबाट वादीले घर उठाई लैजानुपर्ने भन्न नमिल्ने हुँदा वादी दावी नपुग्ने।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल कात्तिक २२ गते रोज ३ शुभम्।

- २०६४ सालको दे.पु.नं. ०२५९, घर उठाई जग्गा खाली गराई खिचोला मेटाई चलन, *हनुमान मल्ल स्वर्णकार वि. सुजानदेवी महतो समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

१९

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६६-CI-०३४६, दर्ता बदर हक कायम, *लिलबहादुर राहु वि. सन्तबहादुर घर्ती*

पुनरावेदकीय अधिकारक्षेत्रको प्रयोग गर्दा शुरू अदालत वा न्यायिक निकायले प्रयोग गर्न पाउने अधिकारका अतिरिक्त मातहत अदालतको फैसला सदर, उल्टी वा केही उल्टी गर्न पाउने भन्ने स्थापित न्यायिक मान्यता हो । यसका अतिरिक्त न्यायको रोहमा आफू मातहत अदालत वा न्यायिक निकायको प्राविधिक आधारमा भएको फैसला वा निर्णयमा निहीत रहेका विवादित प्रश्नहरूमा निर्णय गरी मुद्दा किनारा गर्नु भनी मुद्दाको मिसिल तल्लो अदालत वा निकायमा पठाउन सकिने क्षेत्राधिकारलाई अन्यथा भन्न मिलेन । यसै कुरालाई परिलक्षित गरी न्याय प्रशसन ऐन, २०४८ को दफा १४ को देहाय (घ) मा तल्लो अदालत, निकाय वा अधिकारीको फैसलाउपर पुनरावेदन हेर्दा निर्णय गर्न बाँकी रहको प्रश्नहरूको समेत निर्णय गरी मुद्दा किनारा गर्नु भनी मिसिल तल्लो अदालत, निकाय वा अधिकारीकहाँ पठाउन सक्ने व्यवस्था गरेको पाइन्छ । यस कानूनी व्यवस्था समेतका आधारमा हेर्दा पुनरावेदन अदालतबाट शुरू जिल्ला अदालतमा निर्णय गर्न भनी पठाउने गरेको फैसलालाई कानूनी त्रुटिपूर्ण मान्न मिल्ने अवस्था नरहने ।

हदम्याद र हकदैया जस्ता प्राविधिक आधारमा खारेज गर्ने गरेका शुरू फैसलामा बुझ्नु पर्नेसम्मका प्रमाण बुझी तथा विवादको तथ्यमा प्रवेश नगरी खारेज गरिएको हुनसक्छ । यसरी बुझ्न बाँकी रहेका प्रमाण स्थानीय तवरमा अवस्थित जिल्ला अदालतबाट नै बुझ्न सहजता, सुगमता र कम खर्चिलो समेत हुने ।

आफूलाई चित्त नबुझेको कुरामा पुनरावेदन गर्न पाउनु मुद्दाको पक्षको कानूनी अधिकार नै हो । शुरू अदालत वा न्यायिक निकायबाट सम्पादन हुने न्यायिक कार्य पुनरावेदन तहको वा अन्तिम अदालतबाट सम्पन्न हुने हो भने सो फैसलामा चित्त नबुझ्ने मुद्दाका पक्षको पुनरावेदन गर्ने अधिकारमा नै आँच आउने कुरातर्फ अदालत सजग रहनु पर्दछ । मुद्दामा बुझ्नुपर्ने प्रमाण बुझेर निर्णय गर्न इंगित गरिएको निर्णयलाई अन्यथा लिन उचित मान्न सकिँदैन । प्रमाण बुझ्ने कुरालाई अदालतले समेत कञ्जुस्याई गर्न नहुने हुँदा शुरू बर्दिया जिल्ला अदालतको फैसला बदर गरी बुझ्नुपर्ने प्रमाण बुझी कारवाही किनारा गर्नु भनी मिसिल शुरू जिल्ला अदालतमा पठाउने ।

इजलास अधिकृत: चुरामन खड्का
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०६८ साल कात्तिक २० गते रोज १ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६८ सालको ०६८-WO-००५०, उत्प्रेषण, *सूर्यदीप बस्न्यात समेत वि. त्रि.वि. चिकित्सा शास्त्र अध्ययन संस्थान, डीनको कार्यालय समेत*

निवेदकहरू बी.डी.एस. कोर्षमा दोस्रो वर्षमा अध्ययन गर्ने विद्यार्थीहरू रहेको र सन् १९९९ मा जारी भएको बी.डी.एस. को पाठ्यक्रममा रहेको The students must clear all the basic medical sciences, oral anatomy & the dental material science subjects of the 1st & 2nd years ( preclinical) of the program before they could proceed forward in the third year भन्ने प्रावधान बी.डी. एस. दोस्रो वर्षका केही विद्यार्थीलाई लागू हुने र केहीलाई लागू नहुने गरी बनाइएको नभई बी.डी.एस. दोस्रो वर्षका सम्पूर्ण विद्यार्थीहरूलाई समान रूपले लागू हुने गरी बनाएको देखिन्छ । बी.डी.एस. प्रथम वर्ष, द्वितीय वर्ष, तृतीय वर्ष चतुर्थ वर्ष भन्नु एउटै वर्ग हो भनी मान्न नसकिने ।

परीक्षा नियन्त्रण महाशाखाले मिति २०६५।४।१९ मा प्रकाशित सूचनाको भर्ना प्रक्रियाको बुँदा नं. ३ मा उल्लेख समेत गरेको पाइँदा निवेदकहरूलाई भर्ना हुँदाकै समयमा अवगत भएको विषयमा प्रथम वर्ष समाप्त भई दोस्रो वर्षबाट तेस्रो वर्ष प्रवेश गर्ने क्रममा सबै विषयमा उत्तीर्ण हुनुपर्ने उपरोक्त शर्त निजहरूले पूरा गर्न नसकेको कारणबाट पाठ्यक्रमको उक्त प्रावधान नै गैरकानूनी रहेको भनी दावी लिएको देखिन्छ । अतयव पाठ्यक्रममा उल्लिखित दोस्रो वर्षबाट तेस्रो वर्ष प्रवेश गर्न दोस्रो वर्षका सम्पूर्ण

विषयहरू अनिवार्य उत्तीर्ण गर्नुपर्ने भन्ने प्रावधान त्रि.वि. ऐन, २०४९ को दफा १२(ख) र (घ) कै परिधिभित्र रहेको देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल मंसिर २७ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६७-CR-०३४१, डाँका चोरी, *नेपाल सरकार वि. सानासिँह गुरुङ समेत*

प्रतिवादी वीरबहादुर भन्ने सुन्दुक गुरुङ, लालबहादुर कार्की र जीतमान गुरुङले विदेशीको ४ थान क्यामरा लुटी लगेको भन्ने मिसिलसाथ रहेको बरामदी मुचुल्का समेतबाट पुष्टि भइरहेको छ । निज प्रतिवादीहरू वीरबहादुर भन्ने सुन्द्रुक गुरुङ, जीतमान गुरुङ र लालबहादुर कार्कीले आफ्नो होटलमा खाना खाएको पैसा तिर्न नसकी सोबापत क्यामरा डिक राखेको भनी प्रतिवादी ब्रधलाल गुरुङले तथा वीरबहादुर भन्ने सुन्द्रुक गुरुङले डिक राखेको हो मैले किनेको होइन भनी प्रतिवादी कालु गुरुङले शुरू अदालतसमक्ष बयान गरेको अवस्था देखिन्छ । यसरी हेर्दा प्रतिवादीहरू छिरिङ फुन्चोक लामा तथा सानासिँह गुरुङको कसूर अपराधमा संलग्नता पुष्टि गर्ने अन्य सबूद प्रमाण देखिँदैन । अधिकारप्राप्त अधिकारीसमक्षको साविती अन्य ठोस सबूद प्रमाणबाट पुष्टि हुन नसकेकोले निजहरूको हकमा सफाइ हुने ।

बिक्री गर्ने भनिएका प्रतिवादीहरू वीरबहादुर भन्ने सुन्द्रुक गुरुङ, लालबहादुर कार्की र जीतमान गुरुङले चोरीको भनी बिक्री गरेको नभई डिकसम्म राखेको भन्ने निजहरूको अदालतसमक्षको बयान तथा खरीद गर्ने भनिएका निज प्रतिवादीहरूको अदालतसमक्षको बयानबाट समेत उक्त क्यामराहरू चोरीको हो भनी नजानी डिक राखेको भन्ने देखिइरहेको अवस्थामा अन्य ठोस सबूद प्रमाणको अभावमा अनुमानको आधारमा निजहरूलाई दोषी ठहर गर्न नमिल्ने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको ०६७-CR-०३३७, डाँका चोरी, *नेपाल सरकार वि. वीरबहादुर भन्ने सुन्द्रुक गुरुङ समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-०९२६, उत्प्रेषण परमादेश, *जस्मुदिन मंसुर समेत वि.उद्योग मन्त्रालय समेत*

केही व्यक्तिहरूको उजूर परेको आधारमा उद्योग विभागबाट मिति २०६७।३।२९ मा सो विभागले ग्यास उद्योग निर्माण कार्य रोक्का गरी अन्यत्र सार्न निर्णय गरेकोमा गाउँ विकास समिति प्रसौनीको मिति २०६७।५।३० को निर्णय सर्जमीन मुचुल्का, प्रसौनी गा.वि.स. वडा नं. ५ कि.नं. २३७ समेतको जग्गादेखि हाल बढ्दो बस्तीका कारण केही नजिकिए पनि साविकमा बस्तीदेखि १ कि.मि. दूरीमा रहेको र उक्त जग्गाको छेउछाउमा मठ मन्दिर विद्यालयलगायत सार्वजनिक स्थल नरहेको भन्ने समेत व्यहोराको नापी कार्यालय बाराको मिति २०६७।६।७ को पत्र, उद्योग वाणिज्य संघ बाराको मिति २०६७।६।८ को पत्र, घरेलु तथा साना उद्योग बाराको मिति २०६७।६।१० को पत्र स्थानीय युवा क्लबहरूको सिफारिशपत्र समेतको आधारमा उद्योग विभागबाट मिति २०६७।७।१२ मा सो उद्योगको निर्माण कार्य फुकुवा भएको र पुनः ग्यास उद्योग सञ्चालनमा आई यस अदालतबाट मिति २०६७।१२।१५ मा जारी भएको अन्तरिम आदेश सो उद्योगलाई मिति २०६८।१।२२ मा तामेल नभएसम्म सो उद्योग सञ्चालनमा नै रहेको देखिनाले सो उद्योगको स्थापना एवं सञ्चालनविपरीत भएको भन्न सकिने अवस्था देखिन नआउने ।

कानूनमा व्यवस्था भएबमोजिम वातावरणीय पक्ष अध्ययन गरी तयार भएको प्रतिवेदन समेतको आधारमा उद्योग सञ्चालनको स्वीकृति प्रदान गरिएको र उद्योगले प्रतिकूल प्रभाव पारेको कुरा वस्तुगतरूपमा पुष्टि समेत हुन नसकेको अवस्थामा रिट निवेदकको मनोगत कुराको आधारमा मात्र वातावरण, आमजनताको स्वास्थ्य एवं आवासीय क्षेत्रमा प्रतिकूल प्रभाव परेको र सो कारणले उद्योग बन्द गर्नुपर्नेसम्मको अवस्था उत्पन्न भएको भनी मान्न नसकिने ।

उद्योग दर्ता गरी दिइएको प्रमाणपत्रमा उद्योगले पालना गर्नुपर्ने शर्तहरू समेत उल्लेख भएको देखिन्छ । ती शर्तहरूमा छरछिमेकी तथा अरूलाई पीरमर्का नपर्ने गरी उद्योग सञ्चालन गर्नु पर्ने वातावरण सम्बन्धमा विभागबाट दिइने निर्देशन तथा शर्तहरू पालन गर्नुपर्ने, उद्योगबाट निस्किने फोहोरलाई व्यवस्थित रूपमा निष्काशन गर्नुपर्ने, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयले वातावरण नियन्त्रण सम्बन्धमा तथा अन्य सम्बन्धित निकायले तोकेको शर्तहरू र कार्यविधि समेत अनिवार्य रूपमा पालना गर्नुपर्ने कुराहरू स्पष्ट उल्लेख गरिएको र उक्त शर्तहरूको पालना नगरिएमा सो कानूनी व्यवस्थाअनुसार सम्बन्धित निकायले उद्योग बन्द गर्ने निर्णय समेत गर्नसक्ने उल्लेख भएको देखिन्छ । यस प्रकारका अन्य उद्योगहरूबारे नेपाल सरकारले निर्धारित गरेको नीति एवं नियमहरू जगदम्बा ग्याँस उद्योगमा समेत लागू हुने र यस उद्योगले समेत पालन गर्नुपर्ने ।

विपक्षी उद्योगले प्रतिकूल प्रभाव पर्ने कुनै कामकारवाही गरेमा, अन्य उद्योग सरह नै नेपाल सरकारको सम्बन्धित विभागबाट विपक्षी उद्योगलाई समेत अनुगमन, निरीक्षण एवं कारवाही हुनसक्ने औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ को कानूनी व्यवस्था रहेको हुनाले प्रस्तुत निवेदन दावीबमोजिमको आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल माघ २५ गते रोज ४ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-WO-०६०८, उत्प्रेषणयुक्त परमादेश, *महेन्द्र जोशी समेत वि. प्रमुख जिल्ला अधिकारी, ललिपुर जिल्ला प्रशासन कार्यालय, ललितपुर समेत*

कुनै पनि कागज नगराएको भन्ने जिल्ला प्रशासन कार्यालय र महानगरीय प्रहरी परिसरको भनाई रहेको र निवेदकले समेत विपक्षीहरूबाट गराइएको कुनै कागज पेश नगरी अदालतलाई गुमराहमा राखी रिट क्षेत्रबाट प्रवेश गरेको निवेदकको उक्त कार्यलाई असल नियत हो भन्न मिलेन । शान्ति सुरक्षा कायम गर्ने उत्तरदायित्व सुरक्षा निकायको भएको हुँदा त्यस विषयमा दुबै पक्षलाई उपस्थित गराई सोधपुछसम्म गरेको कार्यलाई अन्यथा भन्न नमिल्ने ।

संविधानप्रदत्त हक अधिकार उल्लंघन भएको वा न्यायिक, अर्धन्यायिक वा प्रशासनिक निकायले कानूनविपरीत निर्णय गरेको अधिकारक्षेत्र बाहिर गई निर्णय गरेको अवस्थामा मात्र यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत त्यस्तो निर्णय बदरको लागि उत्प्रेषणको निवेदन गर्न सकिनेमा विपक्षी निकायबाट त्यस्तो कुनै निर्णय भए गरेको नभई कागजसम्म गराएको भन्ने निवेदकको जिकीर रहेको तर जवर्जस्ती गराइएको भनिएका त्यस्तो कागज पेश नगरी कल्पित व्यहोराको उल्लेख गरी बदरको माग गर्नु उचित नहुने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल कात्तिक १७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-०६३३, उत्प्रेषण समेत, *दुर्गालाल श्रेष्ठ वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत*

लेनदेनको लिखतको अस्तित्वलाई जिल्ला प्रशासन कार्यालयले स्वीकार गरेको देखिएको छैन । यी रिट निवेदक दुर्गालाल श्रेष्ठ र विपक्षीमध्ये कल्पना बानिया दुई स्वतन्त्र पक्षको बीचमा स्वतन्त्ररूले कुनै व्यहोराको कागज वा लेनदेनको कागज भएको भए त्यस लिखतमा उल्लेख भएबमोजिम कानूनी मार्ग अवलम्बन गर्न ती पक्ष सक्षम नै हुन्छन् । यदि त्यस्तो लेनदेनको लिखत जिल्ला प्रशसान कार्यालय आफैंले गराएको भए अधिकारक्षेत्रको अभावमा त्यस्तो लिखतको कानूनी अस्तित्व स्वतः शून्य हुने हुँदा त्यस्तो लिखतका विषयमा बोलिरहनु पर्ने कुनै औचित्यता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल कात्तिक १७ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५-WO-०६९१, परमादेश समेत, *कृष्णबहादुर रबुढाथोकी वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*

निवेदकले मिति २०६२।८।१६ मा अवकाश प्राप्त गरिसकेपश्चात् निजामती किताबखानाले निजले निवृत्तिभरण नपाउने र उपदानको लागि अङ्क किटान गरी मिति २०६२।९।१८ मा जिल्ला वन कार्यालय कपिलवस्तुमा पत्र पठाएको देखिन्छ । आफैले निवृत्तिभरण नपाउने जानकारी समयमै प्राप्त गरे तापनि निवेदक लामो अवधिसम्म कानूनी उपचारतर्फ प्रवेश नगरी मिति २०६६।१।१४ मा मात्र यस अदालतमा उपचार खोज्न आएको देखिन्छ । निवेदकले उपदान तथा औषधि उपचारको रकम समेत लिइसकेको मिसिल संलग्न प्रमाण कागजातहरूबाट देखिन्छ । निवेदक धेरै समयपश्चात् मात्र उपचार खोज्न अदालत प्रवेश गरेको र अवकाशपश्चात् आफूले कानूनबमोजिम प्राप्त गर्न रकम लिई बुझिसकेको अवस्था विद्यमान रहेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल असोज २९ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-०८०३, उत्प्रेषण समेत, *कृष्णप्रसाद लम्साल वि. परराष्ट्र मन्त्रालय समेत*

निवेदक रा.प. अनं. द्वितीय श्रेणीबाट २४घ१ बमोजिम बढुवा पाएको र उक्त पद नै नेपाल सरकारले खारेज गरिसकेको देखिन्छ । ऐनको दफा २४घ१ (८) बमोजिम बढुवा पाएको कर्मचारीले साविक पदमा रहँदा सम्पादन गरेको काम नै सम्पादन गर्नुपर्ने कानूनी व्यवस्था गरेको अवस्थामा निजको साविकको पद नै नरहेको अवस्थामा निजले सम्पादन गर्नुपर्ने काम नै नभएपछि निजलाई सो राजदूतावासमा राखी राख्नुको औचित्य समेत नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल असोज २९ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको रिट नं. ०६७-WO-११९५, उत्प्रेषण समेत, *विश्वेन्द्र पासवान समेत वि. सभामुख सुवाषचन्द्र नेम्वाङ समेत*

निवेदकहरूले आफू व्यवस्थापिका संसदका सदस्यको नाताले आफ्नो विशेषाधिकारको हनन् भएको भन्नेसम्म रिट निवेदनमा उल्लेख गरेको देखिन्छ । तर संविधानसभा र व्यवस्थापिका संसदको विशेषाधिकारको बारेमा उल्लेख गरेको देखिँदैन । संसदका सदस्यको विशेषाधिकारको मात्र कुरा गर्दा व्यवस्थापिका संसदका विशेषाधिकारको हनन् हुन जानेतर्फ यस अदालत उत्तिकै सचेत रहनुपर्ने देखिन्छ । संविधानसभा र व्यवस्थापिका संसदको कामकारवाही सुचारू रूपले सञ्चालन गर्न संविधानमा उक्त व्यवस्था भएको देखिन्छ । यी सबै व्यवस्थापिका संसदको आन्तरिक कार्यविधिसम्बन्धी विषय भई व्यवस्थापिका संसदको विशेषाधिकारअन्तर्गत पर्ने भएकोले यस्तो विषयमा प्रवेश गरी हस्तक्षेप गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल कात्तिक १७ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-WO-१०८०, उत्प्रेषणयुक्त परमादेश, *रामेश्वरप्रसाद यादव वि. अर्थ मन्त्रालय समेत*

भौगोलिक अवस्था तथा प्राविधिक दृष्टिकोणबाट कुन स्थानमा पुल निर्माण गर्ने उपयुक्त हुन्छ सोको प्राविधिक अनुसन्धान र सर्भेक्षण गरी दिएको सुझाव एवं अध्ययन प्रतिवेदनका आधारमा सरकारले नीतिगत निर्णय गरी त्यस्तो उपयुक्त स्थानमा पुल निर्माण गर्ने र त्यसरी निर्माण कार्य गर्दा बढी भन्दा बढी जनता लाभान्वित हुने उपयुक्त स्थान छनौट गरी प्राविधिकले गरेको सर्भेक्षण एवं अध्ययन प्रतिवेदन समेतको आधारमा यकीन गरिएको स्थानमा पुल निर्माण गर्नको लागि आर्थिक वर्ष २०६६।२०६७ मा बजेट समेत पारीत गरी रौतहटको पिपरा र सर्लाहीको खैरहवाबीच पुल निर्माण गर्ने कुरा नेपाल सरकारले

निर्णय गरिसकेको देखिएकोले सरकारको नीतिगत प्रश्नमा यस अदालतबाट बोल्न नमिल्ने ।

जुन स्थानमा पुल निर्माण गर्दा बहुसंख्यक सर्वसाधारण जनता लाभान्वित हुन्छन् सो स्थानलाई छनौट गरिनु आवश्यक हुन्छ। सार्वजनिक हकहितका स्वार्थसँग व्यक्तिको हित पनि त्यसैमा स्वतः समाहित भएको मान्नु पर्दछ। निवेदक एवं केही व्यक्तिको निहीत स्वार्थ र सुविधालाई भन्दा सर्वसाधारण जनताको सुविधा एवं हितलाई महत्व दिई पुल निर्माण गर्न कारवाही अगाडि बढिसकेको र निवेदकले नै भनेको ठाउँमा पुल निर्माण नभएको त्यत्तिकै कारणबाट सार्वजनिक हितविपरीत एवं निवेदकको संविधानप्रदत्त हकमाथि आघात पर्न गएको भनी अर्थ गर्न नमिल्ने।

कुन स्थानमा पुल निर्माण गर्न आवश्यक छ सो कुरा सरकारले नीति तथा योजनाअन्तर्गत पर्ने विषय भएको साथै सर्भेक्षण अध्ययन प्रतिवेदन एवं प्राविधिक तथा आर्थिक दृष्टिले उपयुक्त हुने भनी उल्लिखित स्थानको छनौट भई टेण्डर प्रक्रिया समेत अगाडि बढिसकेको एवं उक्त कार्यबाट यी निवेदकको संविधानप्रदत्त कुनै पनि हकमा असर पुग्न गएको अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल कात्तिक १७ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-WO-०८१३, उत्प्रेषण समेत, *विश्वबाबु पुडासैनी समेत वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय*

कुनै उम्मेद्वारले अधिकृतस्तरमा काम गरी अनुभव प्राप्त गरेको प्रचलित कानूनअनुसार दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संस्थाको स्तर, यस्ता संस्थाहरूले गर्ने काम, यिनीहरूको उद्देश्य, यस्ता संस्थाहरूले अधिकृतस्तरका कर्मचारीहरूलाई भर्ना गर्दा अपनाउने कार्यविधि, अधिकृतस्तरको सेवा प्रवेशको लागि आवश्यक पर्ने शैक्षिक योग्यता तथा अनुभव जस्ता कुराहरूको मूल्याङ्कनपछि मात्र प्रचलित कानूनअनुसार दर्ता भएका संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थामा काम गरेको अनुभवलाई मान्यता दिनुपर्ने ।

कुनै व्यक्तिले सरकारी सेवावाहेकका अन्य क्षेत्रको सेवामा रही निजामती सेवा ऐन, २०४९ को दफा ७(१६) मा निर्धारित पाँच वा सात वर्ष अधिकृतस्तरमा काम गरेको अनुभव हासिल गरेको छ वा छैन भन्ने कुरा वस्तुगत तथ्य र प्रमाणको आधारमा यकीन नगरी खुल्ला प्रतियोगितात्मक परीक्षाको आवेदन स्वीकार गर्ने काम आफैँमा अनियमित हुने ।

सरकारी सेवा बाहेक अन्य सेवा अर्थात् प्रचलित नेपाल कानूनअनुसार दर्ता भएका संगठित संस्थाहरूमा अधिकृतस्तरमा काम गरेको अनुभवलाई उक्त ऐनको दफा ७(१६) को प्रयोजनको लागि मान्यता दिनु पूर्व त्यस्तो संगठित संस्थाको कामको प्रकृति तथा त्यस्तो संस्थामा अधिकृत स्तरको कामको जिम्मेवारी वहन गर्ने कर्मचारी आवश्यक पर्ने वा नपर्ने र यी संस्थाले अधिकृत स्तरको कर्मचारी भर्ना वा छनौट गर्दा अवलम्वन गर्ने आधारहरू समेत देखिने नियमहरू बनाई लागू गरेका छन् वा छैनन् भन्ने कुरा हेर्नुपर्ने ।

सरकारी सेवाबाहेक अन्य क्षेत्रमा अधिकृतस्तरमा काम गरेको अनुभवलाई मान्यता दिँदा काम गरी अनुभव हासिल गरेको भनिएको संगठित संस्थाको स्तर, कामको प्रकृति र यस्तो संस्थाले सञ्चालन गर्ने व्यवसायमा अधिकृतस्तरको कर्मचारीको संलग्नता र जिम्मेवारीको आवश्यकता र सार्न्दभिकताको आधारमा निर्णय गर्नुपर्ने ।

सरकारी सेवाका नियम र श्रम ऐनका व्यवस्था लागू नहुने कुनै संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थामा अधिकृतस्तरमा काम गरेको अनुभवको आधारमा कुनै व्यक्तिले निजामती सेवा ऐन, २०४९ को दफा ७(१६) मा उल्लिखित अधिकृतस्तरको अनुभव हासिल गरेको छ भन्ने न्यायोचित् अनुमान गर्नका लागि पनि यस्तो अनुभवको दावी गर्नेले प्रत्येक कार्य दिनको कम्तीमा ६ (छ) घण्टादेखि ८ (आठ) घण्टासम्म काम गरेको भन्ने तथ्यगत पुष्टि हुनुपर्ने ।

निजामती सेवा ऐन, २०४९ को दफा ७(१)(छ) तथा (ज) र दफा ७(१६) को प्रयोजनको लागि कुनै उम्मेद्वारले सरकारी सेवा बाहेक प्रचलित नेपाल कानूनअनुसार दर्ता भएको संगठित संस्थामा वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृतस्तरमा काम गरेको भनिएको अनुभवलाई पनि सरकारी सेवाको अधिकृतस्तरमा काम गरी हासिल गरेको अनुभव सरह मानी लोकसेवा आयोगले समान रुपले मान्यता दिन नसक्ने ।

- यसै लगाउको २०६७-WO-०९४४, उत्प्रेषण समेत, *विश्वबाबु पुडासैनी समेत वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

इजलास अधिकृतः- रामप्रसाद भट्टराई
कम्प्युटरः मुक्ता प्याकुरेल
इति संवत् २०६८ साल पुस महिना ५ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CI-१३१७, निषेधाज्ञा, *माधुली मल्ल जोशी समेत वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

लेनदेनको विषयलाई लिएर निवेदकलाई धरपकड र पक्राउ गरेको छैन भन्ने प्रत्यर्थीमध्येका महानगरीय प्रहरी प्रभाग कमलपोखरीको तथा शान्ति सुरक्षा कायम गरी ठगी गरेको रूपैयाँ दिलाई पाऊँ भनी कल्याणी सिँहले जिल्ला प्रशासन कार्यालय काठमाडौंमा मिति २०६७।२।४ मा दिएको निवेदनको आधारमा विपक्षीहरूलाई कार्यालयमा उपस्थित हुन पत्राचारसम्म गरिएकोमा अदालतको आदेश परिपालना गर्ने प्रतिवद्धता व्यक्त गरिसकेको अवस्था र शान्ति सुरक्षाको विषयमा केही कुरा बुझ्न प्रेषित भए बाहेक निवेदनमा उल्लेख भएबमोजिमका कार्य विपक्षीहरूबाट भए गरेको र हुन सक्ने आशंकाको स्थिति समेत रहे भएको नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई
कम्प्युटरः मुक्ता प्याकुरेल
इति संवत् २०६८ साल कात्तिक २४ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६७-CR-१०६०, अदालतको अपहेलना, *माधुली मल्ल वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## इजलास नं. ९

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-CI-००५७, निषेधाज्ञा, *मेनुका ताम्राकार समेत वि. ज्ञानीछोरी ताम्राकार*

काठमाडौं महानगरपालिका वडा नं. १५ साविक कि.नं. १४८ हाल कि.नं. ३२३, ३२४, ३२५ र ३५८ का घरजग्गाका विषयमा प्रस्तुत विवाद उठेको देखिन्छ । एकातर्फ निवेदकहरूको नाउँमा जग्गाधनी स्रेस्ता कायम रहेको छ भने अर्कोतर्फ निवेदकहरूको नाउँमा कायम हुन आएको जग्गाको पूर्वस्वामी मोतिमान ताम्राकारकै मञ्जूरीबाट विपक्षी/प्रत्यर्थीले घर बनाएको भनिएको छ । यसरी विवादित पक्षहरूबीच हक बेहककै प्रश्न समावेश भएको अवस्था रहेको छ । निवेदक र विपक्षीहरूबीच हक बेहकमा विवाद उठेमा सबूद प्रमाण बुझी निर्णय गर्न निषेधाज्ञाबाट सम्भव छैन । अन्य उपचारको बाटो अवलम्ब गर्न सक्ने हुँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी
कम्प्युटरः शम्भुप्रसाद शाह
इति संवत् २०६८ साल पुस ७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-WO-००६३, उत्प्रेषण परमादेश, *मञ्जू ताम्राकार समेत वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल समेत*

निवेदकहरू मञ्जू ताम्राकार र मेनुका ताम्राकारको नाउँमा रहेका जग्गा विपक्षी ज्ञानीछोरी ताम्राकारले घर बनाई बसेको हो होइन सबूद प्रमाण बुझी अदालतले निर्णय गर्ने विषय हो । हक बेहक सम्बन्धको विवाद प्रत्यर्थी जिल्ला प्रशसन कार्यालयले हेर्न मिल्ने देखिँदैन । आफ्नो अधिकारक्षेत्रमै नपर्ने निवेदन लिई कारवाही गरी रोक्का राख्ने अधिकार समेत नभएको अवस्थामा रोक्का राख्ने गरी भएको आदेशलाई औचित्यपूर्ण मान्न नमिल्ने ।

रोक्का राख्ने अधिकार नै नभएको निकाय जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट मिति २०६३।६।२२ मा निवेदकहरूको नाउँको जग्गा रोक्का राख्न दिएको आदेश र सो आदेशानुसार मालपोत कार्यालय कलंकीले राखेको रोक्का गैरकानूनी देखिँदा रोक्का राख्ने आदेश दिने प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयको र सो गैरकानूनी आदेशका आधारमा रोक्का राख्ने कामकारवाही निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । साथै निवेदिकाहरूको नाउँको

उल्लिखित सम्पत्ति फुकुवा गरिदिनु भनी प्रत्यर्थी मालपोत कार्यालयका नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल पुस ७ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** रिट निवेदन नं. ०६८-WH-००५२, वन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ, *दलमान गोले वि. काठमाडौं जिल्ला अदालत, तहसील शाखा समेत*

अदालतको फैसला कार्यान्वयनको सिलसिलामा परेको थुना वैध थुना मानिने भएबाट व्यक्तिको स्वतन्त्रता अपहरण हुँदैन । मुद्दाको पक्षको समेत फैसला कार्यान्वयनमा सहयोग पुऱ्याउनु पर्ने दायित्व हुने ।

क्षेत्राधिकारविहीन रहेका जस्ता केही सीमित अवस्थामा बाहेक सक्षम अदालतले गरेको फैसलामा नेपालको अन्तरिम संविधान, २०६३ को १०७(२) बमोजिमको असाधारण अधिकारक्षेत्र प्रयोग गरी हेर्न नमिल्ने भनी शिवलाल पोडे विरूद्ध काठमाडौं जिल्ला अदालत समेत भएको वन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा (*नेकाप* २०६४, भदौ नि.नं. ७८५२, पृष्ठ ६८१) मा यस अदलतबाट सिद्धान्त समेत प्रतिपादन भएको देखिँदा कारवाही बेगर बञ्चित गरिएको छ, छैन र गैरकानूनी रूपमा थुनामा राखेको छ छैन भनेर हेरिने हो । जुन कुरा यी निवेदकको हकमा देखिन आएन । तसर्थ, निवेदन मागबमोजिम रिट जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः चित्रबहादुर गुरुङ

इति संवत् २०६८ साल फागुन १७ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** मुद्दा नं. ०६६-CI-०५५९, ०९१३, अंश चलन, *यलम्बर के.सी. समेत वि. लक्ष्मण के.सी., लक्ष्मण के.सी. वि. रामबहादुर के.सी. समेत*

एक अर्काको तायदाती फाँटवारी देखाएको सुनाएको अवस्थामा मुख नमिलेको कुरामा जिकीर लिने पक्षले स-प्रमाण पुष्टि गर्नुपर्नेमा प्रतिवादीले सो चल सम्पत्ति थियो भन्ने कुनै सबूद प्रमाण पेश गर्न सकेको मिसिलबाट देखिँदैन । बण्डा गर्नुपर्ने भनिएको सम्पत्तिको अस्तित्वमा नै अन्योल रहेको अवस्थामा अदालतबाट बण्डापत्रसम्बन्धमा बोल्न न्यायोचित् समेत नदेखिने ।

प्रतिवादी रामबहादुर के.सी.ले काठमाडौं, चाल्नाखेल गा.वि.स.को कि.नं. २८ र २९ को जग्गा भूमिसुधार कार्यालय, काठमाडौंको मिति २०४४।११।०३ को नीर शम्सेर ज.ब.रा. को हदबन्दीभन्दा बढीको जग्गा बिक्री वितरण गर्ने सम्बन्धमा भएको टिप्पणी आदेशबमोजिम भूमिसम्बन्धी नियमहरू, २०२१ को नियम २३ बमोजिम प्राप्त गरेको देखिन्छ । निजले उक्त जग्गा मोहियानीबापत प्राप्त गरेको नभै हदबन्दीभन्दा बढीको बिक्री वितरण हुँदा मोल तिरी प्राप्त गरेको भूमिसुधार कार्यालय, काठमाडौंको मिसिल संलग्न टिप्पणी आदेश र दिएको प्रमाणपत्रबाट देखिएकोले सो कुरालाई प्रतिवादीले अन्यथा भन्न सकेको अवस्था समेत नहुँदा लगानी भएको रकम सगोलकै मान्नु पर्ने सो सम्पत्ति समेत बण्डा लाग्ने ।

नुवाकोट जिल्ला, खानी गाउँ गा.वि.स. वार्ड नं. ५ को कि.नं. ७४५, ७४७, ९९५, १०१२, ३०९९ र ३१७९ को जग्गा महालक्ष्मी खत्रिनीले प्रतिवादी मोहनमाया के.सी.लाई मिति २०३२।०३।०८ मा गरिदिएको छोडपत्रको लिखतको जग्गा हो भन्ने कुरामा वादी प्रतिवादीबीच विवाद देखिँदैन । मिसिल संलग्न उक्त छोडपत्रको कागज हेर्दा रू. २०००।- रूपैयाँमा बुझाई लिखत भएको देखिन्छ । सो लिखतमा "लेखिएको रूपैयाँमा यही २०३२ सालको बालीदेखि मेरो मञ्जूरीसाथ छोडपत्रको लिखत गरी दियाँ लेखिएको जग्गा कच्चा भै भोगचलन गर्न सकेन भने साँवा र सोको ब्याज समेत अरू मेरा गैह्रजेथाबाट कानूनबमोजिम भराई लिनु" भन्ने समेत उल्लेख भएको देखिँदा सो लिखत सेवा गरी रिझाएबापत निजी रूपमा प्राप्त गरेको बकसपत्र नभै सगोलकै रूपैयाँबाट खरीद गरेको देखिँदा बण्डा लाग्ने ।

पछि लगानी गरी निर्माण गरेको सम्पत्ति बण्डा हुनु नपर्ने चित्त बुझ्दो प्रमाण मिसिल सामेल रहेको नदेखिँदा प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाउँमा रहेको सम्पत्ति सगोलको हो भनी अदालतले

अनुमान गर्नुपर्ने कानूनी व्यवस्था रहेकोले मील घर टहरा बण्डा लाग्ने ।
इजलास अधिकृतः चित्रबहादुर गुरुङ
इति संवत् २०६८ साल फागुन १७ गते रोज ५ शुभम् ।

- यसै लगाउको मुद्दा नं. ०६६-CI-०५६०, लिखत बदर, *तारामान के.सी. समेत वि. लक्ष्मण के.सी.* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** रिट निवेदन नं. ०६८-WO-०५७८, प्रतिषेध, परमादेश, *किशोरकुमार विष्ट समेत वि. अध्यक्ष विद्युत महसूल निर्धारण आयोग, विजुलीबजार समेत*

अपरिपक्व (Premature) अवस्थामा दायर रिट निवेदन खारेज हुने सिद्धान्त यस अदालतले स्थापित गरिसकेको छ । कानूनबमोजिम कार्य गर्ने प्रतिवद्धता जाहेर गर्ने निकायलाई प्रतिषेधको आदेश दिन मनासिब देखिँदैन । विद्युत महसूल निर्धारणको गृहकार्यसम्म भएको तर निर्धारण नै भइनसकेको अवस्थामा निवेदकको वा सार्वजनिक हक वा सरोकारमा आघात पुऱ्याउने कार्य भएको भन्ने समेत देखिन नआउने ।

परमादेशको आदेश कानूनले तोकेको कर्तव्य पूरा नगरेको स्पष्ट देखिएमा मात्र जारी हुने हो । विपक्षीहरूको लिखित जवाफमा सो कार्यहरू व्यवस्थापिकीय सुधार तथा प्रशासकीय तवरबाट प्राथमिकताका साथ भइरहेको र गरिरहेको भन्ने जिकीर लिएको छ । उक्त प्रतिवद्धता र भनाइलाई अन्यथा अर्थ लगाइरहनु पर्ने आवश्यकता नदेखिँने हुँदा मागबमोजिमको रिट जारी गर्न नमिल्नुको साथै यस अदालतबाट मिति २०६८।०९।२६ मा जारी भएको अन्तरिम आदेश स्वतः निष्क्रिय हुने ।

इजलास अधिकृतः चित्रबहादुर गुरुङ
इति संवत् २०६८ साल फागुन १७ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६४-CR-०७०६, करकाप, *समसुद्दिन मुसलमान वि. गोनिया अहिर्नी*

मिति २०५८।३।३ को भरपाई लिखत मिति २०६०।१०।२९ का दिन प्रतिवादीले करकापसँग गराएको भन्ने दावी लिएकोले उक्त विवादित लिखत हेर्दा लिखतमा लेखक साक्षीलगायत कुनै पनि किनाराका साक्षी रोहबरमा बसेको देखिएको छैन । वादीका पति तुफानी यादव उक्त लिखत गर्दा सँगै रहेको भन्ने देखिन्छ । तर निज पनि साक्षी रहेको देखिँदैन । लिखतमा लागेको ल्याप्चेछापले शीर व्यहोरा र पुच्छरमा समेत छोएको देखिँदैन । यस्तो प्रकृतिको लिखतलाई सहज ढंगले भए गरेको हो भनी मान्न मिल्ने देखिँदैन । विवादित लिखत लेख्ने भनिएका सुरेश सिँहले यसै लगाउको लेनदेन मुद्दामा बयान गर्दा प्रतिवादीले खेस्रा गरेर ल्याएको व्यहोरा साफी गरेर प्रतिवादीलाई दिएको हो रूपैयाँ लिने दिने काम भएको होइन भनी लेखाइदिएको पाइन्छ । यस तथ्यबाट विवादित लिखत पहिला नै तयार गरी वादीलाई पछि करकापसँग गराएको भन्ने कुरा स्पष्ट हुने ।

कुनै कागज करकापयुक्त हो होइन भन्ने ठहर गर्नु पर्दा त्यो कागजसँग सम्बन्धित पक्षहरूको व्यवहार पनि केलाउनु पर्ने हुन्छ । लेनदेन मुद्दामा फिराद २०६०।३।१७ मा दायर भएको छ । प्रतिवादीले २०६०।९।३ मा म्याद पाएको देखिन्छ । २०६०।११।३ मा भरपाई खोज्दा फेला नपरेको भन्ने आशयका साथ प्रतिउत्तर दर्ता भएको छ । २०६०।११।१६ मा निवेदनसाथ विवादित भरपाइको प्रतिलिपि अदालतमा पेश भएको छ । २०६०।९।३ मा आफू विरूद्ध लेनदेनमा मुद्दा दायर भएको थाहा पाइसक्ने व्यक्तिले ६० दिनपछि प्रतिउत्तर दिँदा भरपाई पेश गर्न नसकी त्यसको पनि १ महिना १३ दिनपछि भरपाई पेश गरिएको छ । भरपाई प्रतिवादीसँग रहने लिखत हो । यसरी प्रतिवादीको संदिग्ध व्यवहारलाई भरपाई भनिएको लिखतको प्रकृतिले समेत स्वाभाविक नदेखिने ।

इजलास अधिकृतः भोजराज रेग्मी
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६८ साल माघ २९ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६३-CI-११६१, लेनदेन, *समसुद्दिन मुसलमान वि. गोनिया अहिर्नी*

प्रतिवादीले वादीसँग मिति २०५१।३।९ मा रू. ६७,०००।- लिई तमसुक गरी दिएकोमा विवाद छैन । वादीलाई प्रतिवादीले रकम तिरे बुझाइसकेको भन्ने जिकीरसम्बन्धमा यसै लगाउको करकाप मुद्दामा उक्त रकम तिरे बुझाएको भन्ने भरपाई लिखत करकापबाट भएको भन्ने पुनरावेदन अदालतको फैसला सदर हुने ठहरी आजै यसै इजलासबाट फैसला भएको अवस्थामा वादीलाई प्रतिवादीले रकम तिर्न बुझाउन पर्ने ।

लिखतमा व्याज लेखिएकोले प्रत्यर्थी वादीले प्रतिवादीबाट लिखतबमोजिम साँवा रू. ६७,०००।- सम्म भरिपाउने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल माघ २९ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारयण दास,** ०६४-CI-०४७०, मोही प्रमाणपत्र, *नारायणबहादुर अमात्य वि. भुवनसिँह रानामगर*

दावीको साविक कि.नं. ५० को जग्गाको फिल्डबुक हेर्दा जोताहाको नाम थर वतनमा रत्नकला रतेनी मगर्नी ८ नं. वडा उल्लेख भई किसानको व्यहोरा महलमा यो जग्गा ऐलानी हो, मैले २०१८ सालदेखि जोती आएको छु भन्ने उल्लेख भएको देखिन्छ । यस तथ्यलाई कसैले विवाद गर्न मिल्ने ठाउँ छैन । फिल्डबुकमा उल्लिखित रत्नकला मगर्नी यी वादीकी आमा भन्ने कुरामा पनि विवाद छैन । वादी रत्नकला मगर्नी प्रतिवादी चक्रबहादुर अमात्य भएको सर्लाही विशेष अदालतको मिति २०२८।४।१८ को फैसलाको पेटबोली व्यहोरा हेर्दा वादीलाई जग्गावालाको हक प्रदान गरेको नभई मोहियानी हकसम्म प्रदान गरेको देखिन्छ भन्ने उल्लेख भएको पाइन्छ । त्यसैगरी भूमि प्रशासन कार्यालय, सर्लाहीको मिति २०२७।१०।२७ को फैसलाबाट वादी दावीको कि.नं. ५० को जग्गामा वादीकी आमा रत्नकलाको नाममा मोही कायम गरी पूर्जा तयार गरिदिनु पर्ने भनी उल्लेख भएको देखिएबाट दावीबमोजिम वादीले विवादित जग्गाको मोही प्रमाणपत्र पाउने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल माघ २९ गते रोज १ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-WO-०३४०, उत्प्रेषण समेत, *लक्ष्मी वास्तोला समेत वि. जिल्ला शिक्षा कार्यालय, कास्की समेत*

बढीमा छ महिनासम्म मात्र अस्थायी शिक्षक नियुक्ति गर्न सकिने कानूनी व्यवस्था भएकोमा सोअनुसार दिइएको नियुक्ति पत्रमा उल्लिखित ६ महिनाको अवधिसम्म यी रिट निवेदिकाले काम गरी सकी सो अवधि व्यतीत समेत भैसकेको देखिएकोले हाल जिल्ला शिक्षा कार्यालय कास्कीले गरेको मिति २०६६।५।३० को निर्णय, सो बमोजिम शिवशक्ति उच्च मा.वि. लाई लेखेको च.नं. ३६४ को पत्र समेत बदर गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन । यसरी निवेदिकाले अस्थायी शिक्षक पदमा काम गर्न पाएको अवधि भुक्तान भइसकेको कारण निवेदन दावीको औचत्य समाप्त भैसकेको स्थितिमा निवेदक र विपक्षीहरूले उठाएका अन्य विषयमा थप विवेचना गरिरहन नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल कात्तिक २९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४-CR-०६८३, केही सार्वजनिक अपराध, *नेपाल सरकार वि. कमलबहादुर कार्की*

खेत जोत्ने विषयलाई लिएर जाहेरवालीले नै प्रतिवादीलाई नानाथरीका गालीगलौज तथा धाकधम्की दिएकी हुन् । प्रतिवादीले जाहेरवालीलाई गालीगलौज लछारपछार, कुटपीट गरेको थाहा पाइन भनी प्रतिवादीको उक्त बयानको समर्थन हुने गरी निजका साक्षी खिममाया थापाले बकपत्र गरिदिएको समेत देखिन्छ । प्रतिवादीले जाहेरवालीलाई लछारपछार पारी कुटपीट समेत गरेको भए निजको शरीरमा घा चोट हुनुपर्ने वा निजले शरीरमा लगाएका कपडा च्यातिएको हुनुपर्नेमा त्यस्तो केही भएको भनी जाहेरवालीले

खुलाउन सकेको पाइँदैन । सार्वजनिक बेइज्जती हुनका लागि घटना सार्वजनिक ठाउँमा भएको हुनु पर्दछ, तर प्रस्तुत मुद्दामा सार्वजनिक स्थानमा बेइज्जत भयो भनिएको ठाउँ कुन हो भन्ने कुरा जाहेरी दर्खास्तमा खुलाइएको पाइँदैन भने घटनास्थलमा मुचुल्का वा अभियोगपत्रमा समेत वारदात घटना घटेको स्थान प्रष्ट उल्लेख भएको नदेखिँदा प्रतिवादीले आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल माघ २९ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CR-०११९, डाँका चोरी, *रामप्रसाद अधिकारी वि. नेपाल सरकार*

प्रतिवादी रामप्रसाद अधिकारी अदालतमा आरोपित कसूरमा इन्कार भई बयान गरेको देखिन्छ । निजको उक्त इन्कारी बयानलाई अधिकारप्राप्त अधिकारीसमक्ष घटनाको सिलसिलेवार वर्णन गरी गरेको बयान, गाउँलेहरूले घेरा हाली घटनास्थलमा पक्राउ गरी गाउँलेहरूले कुटपीट गरी घा चोट भएको अवस्था, वारदातमा प्रयोग गरेका भनी बयानमा उल्लेख गरिएका नक्कली पेस्तोल, खुकुरी समेत बरामद भएको बरामदी मुचुल्का समेतबाट खण्डित भइरहेको देखिँदा जाहेरी दरखास्त, बरामदी मुचुल्का, मौकामा कागज गर्ने व्यक्तिहरूले दिएको कागज र जाहेरवालाहरूको बकपत्र समेतबाट यी प्रतिवादी रामप्रसाद अधिकारीलाई प्रस्तुत मुद्दाको डाँका चोरीको वारदातमा पाँचौं पटक कायम गरी १२ वर्ष कैद सजाय र बिगो रू. ५९,५००।- को डेढीले हुने रू. ८६,२५०।- जरीवाना हुने ।

इजलास अधिकृतः डण्डपाणि शर्मा

इति संवत् २०६८ साल भदौ २१ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CR-०१६८, डाँका चोरी, *रामप्रसाद अधिकारी वि. नेपाल सरकार*

प्रतिवादी रामप्रसाद अधिकारीले डाँका गरी धनमाल लगेको सम्बन्धमा आरोपित कसूर गरेमा अदालतमा इन्कार रहे पनि अधिकारप्राप्त अधिकारीसमक्ष जाहेरवालाहरूको घरमा डाँका चोरी गरेमा घटनाक्रमको सविस्तार वर्णन गर्दै कसूरमा सावित भई बयान गरेको र निजको उक्त साविती बरामदी मुचुल्का र जाहेरी दरखास्त तथा जाहेरवालाहरूले अदालतसमक्ष गरेको बकपत्रबाट समर्थित भएको पाइन्छ । प्रतिवादीले अदालतसमक्ष गरेको इन्कारी बयानलाई पुष्टि गर्ने कुनै किसिमको सबूद प्रमाण बेगरको इन्कारी बयानलाई सम्म आरोपित कसूरबाट सफाइको आधार मान्न नमिल्ने ।

वारदात घटनाको सिलसिलेवार वर्णन गरी त्यसलाई बरामदी मुचुल्का र जाहेरवालाहरूले गरेको बकपत्रबाट विश्वसनीय ढंगले समर्थित भएको अवस्थामा प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्षको साविती बयानलाई अन्यथा हो भन्न कुनै वस्तुनिष्ठ सबुद प्रमाण नदेखिँदा प्रतिवादीले आरोपित कसूर नगरेको भन्न मिलेन । तसर्थ प्रस्तुत मुद्दामा चौथो पटक पारी १२ वर्ष कैद सजाय र बिगो रू. १,३७,४६४।- को डेढी रू. २,०६,१९६।- जरीवाना समेत हुने ।

इजलास अधिकृतः डण्डपाणि शर्मा

इति संवत् २०६८ साल भदौ २१ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-०८७१, खुन डाँका, *राजन सिँह नेवार वि. नेपाल सरकार*

मृतक डोमा मियाँको मृत्युको कारण Blunt force injuries to head भन्ने शव परीक्षण प्रतिवेदन रहेको देखिन्छ । प्रहरीमा कागज गर्ने तेजनारायण यादवले प्रतिवादी राजनसिँह समेतले रड प्रहार गरी घाइते बनाई सोही चोट पीडाको कारणले डोमा मियाँको मृत्यु भएको हो भनी कागज गरेको देखिन्छ । त्यस्तै उक्त वारदातमा घाइते रामकृष्ण यादवले राजन सिँह नेवार समेतले हातमा फलामको रड छोपेर काउन्टरमा आई डोमा मियाँलाई गाली गर्दै कुटपीट गरेको र मैले सम्झाउन लाग्दा म समेतलाई रडले प्रहार गरेका हुन् । राजन सिँह समेतले रड, खुकुरी तथा तरवार समेतले प्रहार गरी कुटपीट गरेको चोटबाट डोमा मियाको मृत्यु भएको हो भनी कागज गरेको देखिन्छ । जाहेरवाला मनोज यादवले अदालतमा आई बकपत्र गर्दा जाहेरी दरखास्तमा उल्लिखित समय ९.३० बजे

गेष्ट हाउसको काउन्टरमा विनोद सिँह ठकुरी २-३ जनाको ग्रुपमा आई मेरो स्टाफ डोमा मियाँलाई हानेका थिए, जाहेरीका अन्य नाममा अनील अमात्य र राजव सिँह नेवार, विनोद सिँह हुन् भनी यी प्रतिवादी राजन सिँह नेवारको समेत संलग्नता रहेको भनी बकपत्र गरेको देखिन्छ। तसर्थ जाहेरी दरखास्त, घटनास्थल तथा लास प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरवालाको अदालतमा भएको बकपत्र, समेतबाट प्रतिवादी राजन सिँह नेवारले अधिकारप्राप्त अधिकारीसमक्ष भएको साविती बयान समर्थित भएको देखिँदा यी प्रतिवादी राजन सिँह नेवार समेतको सामूहिक कुटपीटको कारणबाट मृतक डोमा मियाँको मृत्यु हुने गएको देखिँदा निज प्रतवादीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं बमोजिम जन्मकैदको सजाय हुने।

इजलास अधिकृतः डण्डपाणि शर्मा

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल भदौ २१ गते रोज ४ शुभम्।

## पूर्ण इजलासमा पेश हुने

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. २०६५-WO-००५६, उत्प्रेषण परमादेश समेत, *प्रकाशराज शर्मा वि. श्रम अदालत समेत*

बैंक तथा वित्तीय सस्थासम्बन्धी ऐन, २०६३ को दफा ९२ को व्यवस्थाले प्रत्यायोजित विधायिकी अधिकारअन्तर्गत जारी भएका नियम, विनियम, आदेश वा निर्देशनहरूलाई समेटिरहेको अवस्थामा सो अन्तर्गत बैंक तथा वित्तीय संस्थाको कर्मचारी विनियमावली पनि पर्ने अवस्था देखिन आउँछ। यस स्थितिमा निवेदक बैंकले ऐनको दफा ९१(२) अन्तर्गत पर्ने विषयमा निर्माण गरेको कर्मचारी विनियमावलीले उक्त दफा ९२ द्वारा नै मान्यता प्राप्त गरिरहेको सन्दर्भमा सोही विनियमावलीअन्तर्गत बैंक तथा वित्तीय संस्थाले आफ्नो कुनै कर्मचारीलाई गरेको कारवाहीका सम्बन्धमा विनियमावलीले व्यवस्था गरेबमोजिम मात्र उपचार खोज्नुपर्ने हो वा श्रम ऐन, २०४८ को व्यवस्थाअन्तर्गत श्रम अदालतमा पुनरावेदन गर्न सकिने हो भन्ने सम्बन्धमा देखिएको यस जटिल कानूनी प्रश्नको निरूपण यस अदालतको पूर्ण इजलासबाट भई यस सम्बन्धमा एउटा निश्चित सिद्धान्त स्थापित गरी एकरूपता कायम गर्नु वाञ्छनीय देखिएको छ। तसर्थ प्रस्तुत विवादमा सन्निहित यस जटिल कानूनी प्रश्नको निरूपणका लागि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ (१)(घ) बमोजिम प्रस्तुत रिट निवेदन पूर्ण इजलाससमक्ष पेश गर्नू।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

संवत् २०६८ माघ १८ गते रोज ४ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री प्रकाश वस्ती,** रिट निवेदन नं. ०६८-WO-०७८२, प्रतिषेध, परमादेश, *सुरेन्द्रप्रसाद कानू समेत वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकहरूले पुनरावेदन अदालत पाटनमा अस्थायी शिक्षकलाई कानूनविपरीत स्थायी बनाउने सहमति नगर्न र सरकारी कार्यालयको काम नरोक्नका लागि दर्ता गराएको निषेधाज्ञाको निवेदनमा अन्तरिम आदेश जारी नभएको र सो आदेश बदर गराउन छुट्टै निवेदन गर्ने रिट निवेदनको प्रकरण नं. १ मा उल्लेख गरेको देखिन्छ। यसरी मातहत अदालतको आदेशउपर सुधारात्मक क्षेत्राधिकार (Reformative Jurisdiction) प्रयोग गर्न सक्ने साधारण वैकल्पिक उपचार विद्यमान रहिरहेकै अवस्थामा सोही विषयलाई लिएर असाधारण क्षेत्राधिकारको उपचारक्षेत्र अवलम्बन गर्न मिल्ने देखिन नआउने।

कानूनले तोकेको कर्तव्य पूरा नगरेको स्पष्ट देखिएमा मात्र परमादेश जारी हुने हो। विपक्षीहरूले के कस्तो कानूनले तोकेको कर्तव्य पूरा नगरेको हो सो कुरा रिट निवेदनमा स्पष्ट खुलाउन सकेको समेत देखिएन। साथै नेपाल सरकार र नेपाल शिक्षक यूनियनलगायतका शिक्षकहरूको विभिन्न संघ संगठनबीच शिक्षक नियुक्तिको विषयमा सहमति नगर्नु भनी निषेध गर्ने विषय प्रतिषेध तथा परमादेशको दायरामा पर्ने देखिएन। निवेदन माग २०६८।११।१५

देखि १९ गतेसम्मको विद्यालय बन्द नगर्नु नगराउनु भन्ने समेत रहेको, तर १५ गते मात्र प्रस्तुत रिट निवेदन दर्ता भई सुनुवाइको लागि पेश हुन आएकोले सो मागको प्रयोजन समेत सीमित हुन पुगेको अवस्था देखियो पुनरावेदन अदालतले यी निवेदक समेतले दायर गरेको मूल विषय समान रहेको निवेदनमा अन्तरिम आदेश जारी नभएको कारणले मात्र प्रस्तुत रिट निवेदन दायर भएको कुरा यस निवेदनको लेखाई र निवेदनमा संलग्न पुनरावेदन अदालत, पाटनका कागजातका प्रतिलिपिबाट देखिन्छ । निषेधाज्ञाको परिपूरक प्रतिषेध सम्झेर यो रिट निवेदन दायर भएको देखियो । सक्षम अदालतले अन्तरिम आदेश जारी गर्न इन्कार गरेको र तत्सम्बन्धी अन्य कार्यलाई विधिवत चुनौती नदिइएबाट तिनलाई अन्तिम मान्नु पर्ने हुन्छ । अ.बं. १७ नं. अनुरूप छुट्टै निवेदन गर्ने कुरा प्रस्तुत रिट निवेदनमै लेखिएको पाइन्छ । अ.बं. १७ नं.अन्तर्गतको संपूरक प्रतिषेध परमादेश हुन सक्तैन । प्रत्येक कानूनी उपचारका आ-आफ्ना प्रकृति हुन्छन् । उचित उपचारको मार्ग अनुशरण गर्ने कर्तव्य निवेदकको वैकल्पिक उपचारको विद्यमानता, प्रतिषेध तथा परमादेशको दायरामा नपर्ने विषयवस्तु उठाएको प्रस्तुत रिट निवेदनबाट निवेदकलाई कुनै उपचार दिन नसकिने हुँदा रिट निवेदनमा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः चित्रबहादुर गुरुङ

इति संवत् २०६८ साल फागुन १६ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको WO-०७०२, उत्प्रेषण, *भोजेन्द्र धिमाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदक २०५८ साल माघ महिनामा प्रहरी जवान पदमा भर्ना भई कार्यरत् रहेकोमा निजलाई २०६०।१।३१ गते गयल खारेज गरी जिल्ला प्रहरी कार्यालय सिरहाले भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी प्रहरी जवान पदको नोकरीबाट हटाएको देखिन्छ । सो निर्णयउपर कानूनबमोजिमको समयावधिमा पुनरावेदन नगरी निवेदक मिति २०६०।१।३१ को निर्णय बदर गरिपाऊँ भनी पूर्व क्षेत्रीय प्रहरी कार्यालय रानी बिराटनगरमा पुनरावेदनपत्र लिई मिति २०६८।५।२० मा गएको देखिन्छ । आफूलाई मर्का परेको कुरा भन्न र सुनाउन सम्बन्धित निकायमा समयमै जानुपर्नेमा निवेदक गएको नदेखिँदा विलम्बको सिद्धान्तअनुसार प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल फागुन १ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको WO-०७१२, उत्प्रेषण, *सञ्जयकुमार सिँह वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल समेत*

निवेदकले जम्मा गरेको रकम भूलवस बलदेव राउतको प्रभा सःमीलको खातामा जम्मा भएको र सो कुरा प्रभा सःमीलको प्रोप्राइटरले मञ्जूर गरेको अवस्था हो भने साधारण अधिकारक्षेत्रबाट उपचार पाउने अवस्था रहेको हुन्छ । साथै अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयउपर अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५(ग)बमोजिम पुनरावेदन गर्न पाउने व्यवस्था समेत देखिँदा वैकल्पिक उपचारको व्यवस्था विद्यमान भएको स्थितिमा रिट क्षेत्र आकर्षित नहुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल फागुन १ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री कमलनारायण दास,** २०६८-WH-००२९, वन्दीप्रत्यक्षीकरण, *सुशीला थापा मगर (लिम्बू) वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

मुद्दा सुन्ने र हेर्ने निकाय नै बन्द रहेको कारणबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(३) अन्तर्गत २४ घण्टाभित्र मुद्दा सुन्ने अधिकारीसमक्ष उपस्थित गराउन सक्ने अवस्था रहेको देखिएन । यसरी प्राविधिक कारणबाट तोकिएको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउन नसकी अड्डा खुलेको दिन अनुमति लिने गरी मिति २०६८।६।१२ र १३ मा निवेदकलाई थुनुवा पूर्जी दिएको कामकारवाहीलाई गैरकानूनी भन्न नमिल्ने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल असोज २२ गते रोज १ शुभम् ।

## १२ औं अखिल नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलनको उदघाटन कार्यक्रमको अवसरमा सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीले अतिथिको रुपमा मिति २०६८।१२।७ मा दिनु भएको मन्तव्य

नेपाल बार एशोसिएशनद्वारा आयोजित **शान्ति र संघीय लोकतान्त्रिक संविधानसहितको राष्ट्र र राष्ट्रियता: हाम्रो चाहना, हाम्रो प्रतिवद्धता** भन्ने मूल नाराका साथ सम्पन्न हुन गइरहेको १२ औं अखिल नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलनमा आमन्त्रण गरी शुभकामना मन्तव्य समेत राख्ने अवसर प्रदान गर्नु भएकोमा सर्वप्रथम आयोजकलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

नेपालको राजनीतिक एवं संवैधानिक इतिहासमा पहिलो पटक जननिर्वाचित संविधान सभाद्वारा संविधान निर्माण हुन गइरहेको अवस्थामा भावी संविधानमा प्रत्याभूत गरिनुपर्ने न्यायपालिकाको स्वरुपलगायत अदालत व्यवस्थापन, न्याय प्रशासनसँग सम्बन्धित कानूनमा समसामयिक सुधार, फैसला कार्यान्वयन, न्यायमा सबै वर्ग एवं क्षेत्रको सहज पहुँच, न्यायाधीशको नियुक्ति, सरुवा एवं कारवाही, न्यायपरिषद्को प्रभावकारिता, कानून व्यवसाय, अभियोजन प्रणाली, अपराध अनुसन्धान, सुशासन र दण्डहीनता जस्ता महत्वपूर्ण एवं गहनतम् विषयहरूमा कार्यपत्रमार्फत सघन छलफल गरी ठोस निष्कर्ष निकाल्ने अभिप्रायले आयोजित प्रस्तुत सम्मेलन ज्यादै महत्वपूर्ण एवं सान्दर्भिक रहेको ठानेको छु।

२००७ सालको ऐतिहासिक परिवर्तनपश्चात् क्रमिक रुपमा विकसित हुँदै व्यावसायिकता हासिल गर्दै गएको कानून व्यवसायीहरूको छाता सङ्गठन नेपाल बार एशोसिएशनले आफ्नो स्थापना कालदेखि नै न्याय र कानूनको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। यसक्रममा यो संस्थाले सदैव संविधानवाद, स्वतन्त्र न्यायपालिका, मानव अधिकार, कानूनको शासन, न्यायिक मूल्य र मान्यताको प्रवर्द्धन गर्ने उद्देश्यका साथ विभिन्न कार्यहरू गर्दै आएको छ। यसवाट नेपाल बार एशोसिएशनले आफूलाई शुद्ध पेशागत व्यावसायिक संगठनको रुपमा मात्र सीमित नराखी नेपालमा लोकतान्त्रिक पद्धति र कानूनको शासनका माध्यमबाट नागरिक स्वतन्त्रताको संरक्षणको पक्षमा नेतृत्वदायी भूमिका निर्वाह गरेको पाएको छु। यस क्रममा कानून व्यवसायी मित्रहरूले गरेका संघर्षका गाथाहरू नेपाली समाजका लागि प्रेरणाका स्रोत बनेर रहेका छन्। पूर्वज एवं अग्रजहरूले कायम गरेको समृद्ध इतिहासलाई सम्झेर आज र भोलिका पुस्ताहरूले न्यायिक स्वतन्त्रता, मानव अधिकार र कानूनी राज्यको स्थापनामा आफूलाई समर्पित गराई राख्नुपर्दछ भन्ने मलाई लागेको छ। यिनै तथ्यहरूको स्मरण गर्दै आजको यस महत्वपूर्ण घडीमा म नेपाल बार एशोसिएशनको स्थापना र विकासमा योगदान पुऱ्याउने समस्त कानून व्यवसायीहरूप्रति हृदयदेखि नै हार्दिक स्मरण गर्न चाहन्छु।

कानूनी शासनको स्थापना र दण्डहीनताको अन्त्यका लागि न्यायपालिकाको अहम् भूमिका रहने गर्दछ। यसका लागि न्यायपालिकाको स्वतन्त्रता अपरिहार्य हुन्छ। न्यायिक स्वतन्त्रता न्यायपालिकाका लागि भन्दा पनि सर्वसाधारण जनताको अधिकारको रक्षाका लागि अपरिहार्य हुन्छ। स्वतन्त्र न्यायपालिकाले सीमित सरकारको अवधारणालाई साकार रुप प्रदान गर्दै लोकतान्त्रिक मूल्य मान्यताहरूको जगेर्ना गर्न महत्वपूर्ण भूमिका खेल्ने भएकाले यो सबै सभ्य एवं लोकतान्त्रिक मुलुकमा विकल्परहित मान्यताको रुपमा स्थापित हुनपुगेको छ।

स्वतन्त्रता, एक्काइसौं शताब्दीको मानिसको सबैभन्दा प्रिय कुरा र चाहना पनि हो। अरुको हक हनन् नहुने गरी जनतावाट उपभोग गरिने स्वतन्त्रता उपर हुने जुनसुकै प्रकारको हस्तक्षेपलाई स्वीकार्य मानिँदैन। त्यसैले जनताको स्वतन्त्रताको अधिकारलाई जुनसुकै अवस्था र परिस्थितिमा पनि संरक्षण गरिनुपर्दछ भन्ने मान्यता विस्तारित भैरहेको छ। यो मान्यतालाई प्रभावकारी रुपमा स्थापित गर्न पनि स्वतन्त्र न्यायपालिका अपरिहार्य आवश्यकता हुन गएको हो।

इतिहासदेखि नै एक अर्काका परिपूरकका रुपमा चित्रित एवं स्थापित हुँदै आएका न्यायाधीश एवं कानून व्यवसायीबाट सम्पादन हुने हरेक कार्यले देश र जनताको जीवनमा प्रत्यक्ष प्रभाव पार्दछन्। जनताबीच कानूनी चेतना फैलाई देश विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन कानून व्यावसायीहरूको नेतृत्वदायी भूमिका हुने गर्दछ। यसैकारण संविधान एवं कानूनले सदैव हाम्रा कामकारवाहीमा निष्पक्षता, इमानदारिता, निष्ठा र

सदाचारको अपेक्षा गरेको हुन्छ। संविधान एवं कानूनी अपेक्षालाई साकार रुप प्रदान गर्न तथा न्यायपालिकालाई आमनागरिकको आस्थाको धरोहरको रुपमा स्थापित गराउन हामीले आफ्ना व्यवहार एवं आचरणलाई समयसापेक्ष रुपमा परिमार्जन गरी खरो उतार्नु जरुरी हुन्छ।

कुनै पनि राज्य कत्तिको लोकतान्त्रिक छ भनी मापन गर्ने माध्यमको रुपमा त्यहाँको न्यायपालिकाले उपभोग गरेको स्वतन्त्रतालाई लिने गरिन्छ। न्यायपालिका एवं कानून व्यवसायको सम्वन्धको मजबुतीको मापन पनि स्वतन्त्र न्यायपालिकाप्रतिको अटल आस्था, विश्वास एवं यसप्रतिको व्यावहारिक प्रयोगको आधारमा गर्ने गरिन्छ। संविधानद्वारा स्वतन्त्र न्यायपालिकासम्बन्धी मूल्य मान्यताहरूको प्रत्याभूति जति प्रभावकारी रुपमा गरिन्छ त्यत्तिकै मात्रामा न्यायाधीश एवं कानून व्यवसायीको कार्यगत स्वतन्त्रतामा वृद्धि भई उनीहरूको प्रभावकारिता स्वतः बृद्धि हुन पुग्दछ। परिणामतः मानवअधिकारको प्रत्याभूति हुन्छ। दण्डहीनताको अन्त्य हुन पुगी कानूनी शासनको प्रवर्द्धन हुन पुग्दछ। यिनै मान्यतालाई आत्मसात गरी न्यायिक स्वतन्त्रतालाई मूर्तरुप प्रदान गर्न हालसम्म कानून व्यवसायी मित्रहरूको तर्फबाट खेलिएको भूमिकालाई म हार्दिक प्रशंसा गर्न चाहन्छु। तर, यहाँहरूलाई विदितै भएकै कुरा हो न्यायिक स्वतन्त्रता भनेको स्वच्छन्दता नभएकोले न्यायिक स्वतन्त्रताले जहिले पनि उत्तरदायित्वको माग गर्दछ। संविधान, कानून एवं पेशागत मर्यादाका लागि स्वयंद्वारा निर्मित आचार सँहिताविपरीतका कार्यका लागि स्वतन्त्र न्यायपालिकासम्बन्धी मान्यताहरूले बचाउ गर्दैनन्। यसतर्फ हामी सबैले गम्भीरतापूर्वक मनन् गर्नु अत्यावश्यक ठानेको छु।

वर्तमानमा न्याय सम्पादनका प्रत्येक चरणमा कानून व्यवसायीको प्रतिनिधित्वलाई अपरिहार्य ठानिन्छ। संविधानले आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने हक, स्वच्छ सुनुवाइको हक तथा असमर्थ पक्षले निःशुल्क कानूनी सेवा पाउने हक जस्ता हक अधिकारहरूको प्रत्याभूति गरेको सन्दर्भमा मुद्दाको काम कारवाहीमा कानून व्यवसायीको अनुपस्थितिको परिकल्पना गर्न सकिँदैन। संवैधानिक प्रत्याभूतिवाट बार र बेञ्चबीच सदैव आत्मीयता र सहयोगको वातावरण सिर्जना हुनुपर्ने तथा हाम्रो साझा लक्ष्य न्यायिक स्वतन्त्रतालाई अक्षुण्ण राख्दै न्यायपालिकाबाट प्रदान गरिने सेवालाई गुणस्तरयुक्त बनाई न्यायपालिका प्रतिको जनआस्था अभिबृद्धि गर्नमा केन्द्रित रहनुपर्ने भन्ने संवैधानिक निर्देश रहेको मैले अनुभव गरेको छु।

कार्यसम्पादनको सिलसिलामा कुनै पनि संस्था समस्यामुक्त रहेको हुँदैन। यस्ता समस्या तथा चुनौतीहरूबाट न्यायपालिका पनि अछुतो रहेको छैन। नेपाल बार एशोसिएशनले पनि विभिन्न प्रकारका समस्या एवं चुनौतीहरूको सामना गर्नु परिरहेको हुन सक्तछ। मुद्दाको कारवाही, निर्णय तथा फैसला कार्यान्वयनमा अनपेक्षित रुपमा हुने ढिलाई, सीमान्तकृत वर्गको न्यायमा सहज पहुँचको अभाव जस्ता विषयहरू हाम्रा साझा चुनौतिकारुपमा रहेका छन्। यसका अतिरिक्त अदालतमा कार्यरत् जनशक्तिमा कम सुविधा तथा न्यून् वृत्ति विकासको अवसर जस्ता विषयहरू पनि ज्वलन्त समस्या र चुनौतीका रुपमा रहेका छन्। यी चुनौतीहरूको सामना गर्न न्यायपालिका विगत आठ वर्षदेखि योजनाबद्ध तरिकाबाट अगाडि बढेको छ। हाल चालू न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनामार्फत् हामीले मुद्दा प्रवाह व्यवस्थापन, फैसला कार्यान्वयनलगायतका विभिन्न विषयहरूमा ठोस लक्ष्य निर्धारण गरी सोहीअनुरूप अगाडि बढीरहेका छौं। तर न्यायपालिकाको दायित्व र जिम्मेवारीलाई बाञ्छित रुपमा अगाडि बढाउन न्यायपालिकाको एक्लो प्रयासबाट मात्र सम्भव नहुने रहेछ। यसले निर्माण गरेको योजनाको सफल कार्यान्वयनका लागि नेपाल सरकारलगायत न्यायपालिकाको अभिन्न मित्रको रुपमा रहेको नेपाल बार एशोसिएशन जस्ता जिम्मेवार निकायको सहकार्य र सहयोगको पनि उत्तिकै आवश्यकता रहेको हामीले महसूस गरेका छौं। यसका लागि भावी दिनमा पनि यहाँहरूको निरन्तर सक्रिय सहयोगको अपेक्षा गरेको छु।

अहिले हामी संविधान निर्माणको महत्वपूर्ण घडीमा छौं। संविधान निर्माणमा प्रत्यक्ष रुपमा संलग्न महानुभावहरूको समेत यहाँ गरिमामय उपस्थिति रहेको छ। यस सन्दर्भमा म के भन्न चाहन्छु भने विश्वव्यापी रुपमा नै लोकतन्त्रको मापक तथा यसको आधारस्तम्भको रुपमा न्यायपालिकाको स्वतन्त्रता रहने गरेको छ। यसैकारण संघीय लोकतान्त्रिक नेपालको भावी संविधानले पनि स्वतन्त्र न्यायपालिकाका मूल्य र मान्यताहरूलाई पूर्णरुपमा आत्मसात् गरी न्यायपालिकालाई स्वतन्त्र बनाउनु अपरिहार्य हुन्छ। यसै सन्दर्भमा नेपालको न्यायपालिका जुनसुकै प्रकारको निरंकुशताविरुद्ध उभिँदै आएको यथार्थ

पनि यहाँहरूमा स्मरण गराउन चाहन्छु । न्यायपालिकालाई स्वतन्त्र, स्वायत्त एवं सक्षम बनाइयो भने मात्र लोकतन्त्र, मानव अधिकार र कानूनको शासनले मूर्त रुप लिई दण्डहीनताको अन्त्य हुने गर्दछ । नागरिकको न्याय प्राप्तिको चाहना पूरा गर्न, संघीय पद्धतिको सफल कार्यान्वयन गर्न र संवैधानिक सर्वोच्चता कायम गरी नागरिक हक, अधिकार एवं स्वतन्त्रताको संरक्षण गर्न भावी संविधानमा स्वतन्त्र र सक्षम न्यायपालिकाको प्रत्याभूत गरिनु पर्दछ भन्ने मेरो दृढ मान्यता रहेको यहाँहरू समक्ष अनुरोध गर्न चाहन्छु ।

संविधान निर्माणकै क्रममा न्यायपालिकाको संरचनागत स्वरुपमा परिवर्तन गर्ने सिलसिलामा संवैधानिक अदालतको स्थापना, न्यायाधीशको पुनर्नियुक्ति, न्याय परिषद्को पुनसंरचना, प्रधान न्यायाधीशमा नियुक्त हुनका लागि कम्तीमा पनि उसको दुईवर्षको पदावधि बाँकी रहनुपर्ने भन्ने जस्ता विषयहरूले पनि छलफलमा प्रवेश पाएको देखिन्छ । यी विषयहरूका सम्बन्धमा मैले यसभन्दा अगाडि पनि पटक पटक आफ्ना धारणाहरू सार्वजनिक गरिसकेको भएतापनि यस बृहद् सभामा पनि पुनः दोहोऱ्याउन चाहन्छु । हाम्रो न्यायिक परिवेश, अधिकारक्षेत्रलगायतका कार्यगत जटिलता, न्यायिक अधिकारको विकेन्द्रीकरण गरिनुपर्छ भन्ने जनचाहना, हाम्रो धरातलीय यर्थाथता एवं छिमेकी सार्क राष्ट्रहरूको अभ्यासको अध्ययन एवं अवलोकन गर्दा नेपालमा संवैधानिक अदालतको स्थापनाको औचित्यता पुष्टि गर्ने ठोस आधारहरू रहेको पाइँदैन । यसैगरी अन्तरिम संविधानबमोजिम नियुक्त एवं वर्तमानमा संविधानको शपथ लिई, कार्यरत् न्यायाधीशहरूलाई मात्र लक्षित गरी पुनर्नियुक्तिको सन्दर्भ उठाइनु संवैधानिक मान्यताअनुकूल नहुनुको साथै स्वतन्त्र न्यायपालिकाको मान्यता प्रतिकूल पनि हुन जान्छ । न्यायाधीशले संविधान र कानूनको व्याख्या गर्ने र कानूनबमोजिम न्याय निरुपण गर्ने जिम्मेवारी वहन गर्ने हुँदा उसका प्रति पुनर्नियुक्तिको मनोदसाले न्यायाधीशको कार्यगत् स्वतन्त्रताको पक्ष कमजोर हुनपुग्दछ ।

न्यायाधीश नियुक्तिलगायतका विषयलाई व्यवस्थित गर्ने प्रयोजनका लागि भिन्न स्वरुपको, दोहोरो रुपको संरचना स्थापना गर्ने प्रस्ताव पनि छलफलमा रहेको पाइन्छ । यस विषयमा अध्ययन गर्दा विश्वमा न्यायाधीश नियुक्तिसम्बन्धी विभिन्न पद्धतिहरू प्रचलनमा रहेको पाइएतापनि परिषदीय पद्धतिप्रतिको आकर्षण भने बढ्दो रही सोको गठनमा न्यायिक व्यक्तित्वहरूको नै वाहुल्यता रहेको देखिन्छ । यसका अतिरिक्त यो संगठनलाई छरितो संगठनको रुपमा पनि विकसित गरिँदै आएको पाइन्छ । त्यसैले हामीले पनि न्यायाधीश नियुक्तिमा न्यूनरुपको कार्यपालिकीय एवं व्यवस्थापकीय संलग्नता रही न्यायाधीश नियुक्ति प्रक्रियालाई छिटो, छरितो, स्वतन्त्र एवं निष्पक्ष तुल्याई स्वतन्त्र न्यायपालिकाका मूल्य मान्यताहरू अक्षुण्ण राख्ने कुरालाई सार्थकता दिने गरी त्यसको संरचना बनाउनु वान्छनीय हुन्छ भन्ने मलाई लाग्दछ ।

जहाँसम्म प्रधान न्यायाधीशको न्यूनतम् पदावधिसम्वन्धी विषय छ सो सम्बन्धमा यहाँहरू समक्ष म के स्पष्ट गर्न चाहन्छु भने प्रधान न्यायाधीशको छनौट ऊ कति अवधिसम्म पदमा बहाल रहन्छ भन्ने प्रारम्भिक आधारमा नभई उसको योग्यता, अनुभव एवं वरिष्ठता, दक्षता, निष्पक्षता र न्यायप्रतिको निष्ठाका आधारमा हुनुपर्ने सर्वमान्य सिद्धान्त पनि हो । त्यसैले उल्लिखित विषयहरूतर्फ पुनः गम्भीरतापूर्वक मनन् गर्न सम्बन्धित सबैमा आग्रह गर्न चाहन्छु ।

अन्त्यमा, संवैधानिक सर्वोच्चताको सिद्धान्तलाई आत्मसात् गरी सोअनुरुप स्वतन्त्र न्यायपालिका, मानव अधिकार, कानूनको शासन, प्रेस स्वतन्त्रता जस्ता लोकतन्त्रका आधारभूत मूल्य मान्यताहरूलाई मूर्तरुप प्रदान गर्नु नै भावी संविधानको लक्ष्य रहने अपेक्षा गरेको छु । यी तत्वहरूलाई संविधानका आधारभूत अन्तर्वस्तुका रुपमा समावेश नगरेसम्म शान्ति र संविधानले जीवन्तता पाउन सक्दैनन् । संविधान निर्माणको यस महत्वपूर्ण घडीमा नेपाल बार एशोसिएशनले आयोजना गरेको यस कार्यक्रममा भेला हुनुभएका बौद्धिक व्यक्तित्वहरूबीचको सघन छलफल एवं बहसबाट निस्कने निष्कर्षले निश्चय नै शान्ति र संघीय लोकतान्त्रिक संविधानसहितको राष्ट्र र राष्ट्रियताः हाम्रो चाहना, हाम्रो प्रतिवद्धताको नारा सार्थक भै यसले संविधान निर्माण प्रक्रियामा अमूल्य योगदान पुऱ्याउने आशा एवं विश्वास लिएको छु । कार्यक्रममा आमन्त्रण गरी मन्तव्य समेत राख्ने अवसर प्रदान गर्नु भएकोमा पुनः आयोजक तथा उपस्थित सम्पूर्ण महानुभावहरूप्रति धन्यवाद ज्ञापन गर्दै सम्मेलनको पूर्ण सफलताको कामनासहित यहाँहरूबाट बिदा हुन चाहन्छु ।

धन्यवाद !